लेखापरीक्षण प्रतिवेदन

सिस्ने गाउँपालिका, रुकुमपूर्व

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिस्ने गाउँपालिका, रुकुमपूर्व

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.: मिति : २०८३-१-२३
च.न :

श्रीमान् अध्यक्षज्यू,

सिस्ने गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रुकुमपूर्व ।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२/७/९ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।

( )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.: मिति : २०८३-१-२३
च.न :

श्रीमान् अध्यक्षज्यू ,

सिस्ने गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब २९ करोड ४५ लाख ६६ हजार लेखापरीक्षणबाट रु.१ करोड १२ लाख २६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४ लाख ८७ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु.९० लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ लाख ५२ हजार र नियमित गर्नुपर्ने रु. १४ लाख ६३ हजार गरी जम्मा रु.१ करोड ७ लाख ३९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१३ करोड ८७ लाख ५५ हजार मध्ये रु.१ करोड ५५ लाख सम्परीक्षण भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.१३ करोड ३९ लाख ९४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका

छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सिस्ने गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

()
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५८	६७	१,१२,२६,३८८	०	५	४,८७,३६१	०	५८	६२	१,०७,३९,०२७	९०,२४,३८५	१४,६२,७००	२,५१,९४२	०	०	१७,१४,६४२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुकुम पूर्व	१३,८७,५५,२६२	०	१,५५,००,०००	१२,३२,५५,२६२	०	१,०७,३९,०२७	१३,३९,९४,२८९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२		समरसेवल पम्प खरिद	३,४६,०००
२	२०८१/८२		नमूना विद्यालय अनुदान	२८,५००
३	२०८१/८२		ढुवानी भाडा	२६,१००
४	२०८१/८२		घाउने अमलाचौर तितेखोला सडक निर्माण	८६,७६१
जम्मा				**४,८७,३६१**

गत विगतको बेरुजु सम्परीक्षण

५	२०८०/८१		अस्पताल निर्माण	५५,००,०००
६	२०७९/८०		ठेक्का नं. ०५-०७७।७८	१,००,००,०००
जम्मा				**१,५५,००,०००**
कुल जम्मा				**१,५९,८७,३६१**

सिस्ने गाउँपालिका, रुकुमपूर्व

(८०५५३५०३३००)

सिस्ने गाउँपालिका , रुकुम पूर्वि भाग

परिचय

१ **परिचय**

१.१ कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४० सभा सदस्य र ३२७.१२ वर्ग किलोमिटर क्षेत्रफल तथा २१७४३ जनसंख्या रहेको छ।

१.२ लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

१.३ लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०८ देखि २०८२।०५।१८ सम्म रहेको छ।

१.४ लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू प्रतिवेदनमा समावेश गरिएको छ।

१.५ लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

१.६ आर्थिक कारोबारको स्थिति :- यस गाउँपालिकाको आय रु. ६५करोड ४४ लाख ४० हजार ७९८.६८ र व्ययतर्फ रु. ६४ करोड ०१ लाख २५ हजार ९१७.७ समेत १ अर्ब २९ करोड ४५ लाख ६६ हजार ७१६.४ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको

विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

१.७ लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३९३९७।- असुल भई दाखिला प्रमाण पेश भएको छ।

क्र.सं.	मिति	बापत	रकम
रूकुमकोट महिला बहुउदेश्यीय सहकारी संस्था ली.	२०८२।५।२०	घरभाडा कर	८७४९
श्री रुकुमकोट बचत तथाऋण सहकारी संस्था	२०८२।५।२०	घरभाडा कर	१०८००
कमल आर्ट	२०८२।५।२०	जर्सी वितरण नभएको	१०८४८
साउण्ड सिस्टम राजन गौतम	२०८२।५।२०	अग्रिम कर	९०००
जम्मा			३९३९७

३ आर्थिक कारोवारको स्थिति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

क्र.सं.	आयतर्फ			क्र.सं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी	५५९९२७९४.३६	५५९९२७९४.३६	१	चालुखर्च	३४९५६८९५७.१६	३४९५६८९५७.१६
	क) ग४.१ स्थानीय तह सञ्चितकोष	३७७८३४८७.			क)पालिकातर्फ	१४३९७०२३८.८२	
	ख) ग३.१ स्थानीय तह धरौटी	१६३५४८४५.			ख)संघीयसशर्त	१९७८८९३८४.३४	
	ग) ग२.७ विविध खर्च खाता	५८१३४९.९८			ग)प्रदेशसशर्त	२९०१५५.	
	घ) ग७.१ आकस्मिक कोष	३१०७८१.६६			घ) संघीयविशेष	६९५५१७९.	
	ङ) ७.२ प्रकोप व्यवस्थापनकोष	४७५८३२.७२			ङ) प्रदेशविशेष	४६४०००.	
	च) स्थानीय तह विविधकोष खाता	४८६४९८.		२	पुँजीगतखर्च	१००७५०२११.	१००७५०२११.
२	राजस्व (आन्तरिक आय)				क)पालिकातर्फ	६३८०८९९२.	
	क) आन्तरिकराजस्व	१०५०१८४६.३३	१०५०१८४६.३३		ख)संघीयसशर्त	१९२७८८२१.	
३	२. वित्तीय हस्तान्तरण (संघ)	४५२३०६९४७.९६	४५२३०६९४७.९६		ग)संघीयसमपुरक	१२०९२५४०.	
	क) वित्तिय समानीकरण अनुदान	९८४५८४८०.			घ)प्रदेशसशर्त	५५६९८५८.	
	ख) राजस्व बाँडफाँट	८३८३२४६७.९६		३	अन्तरसरकारी अख्तियारी खर्च (संघ)	१३९०६४८०१.८८	१३९०६४८०१.८८
	ग) सशर्तअनुदान	२४६५१६०००.			क)सामाजिक सुरक्षा	८०५९१४३२.८८	
	घ) १३३१४ विशेष अनुदान चालु	१००००००००.			ख)स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम	११४०३५००.	
	ङ)१३३१७ समपुरक अनुदान पुँजीगत	१३५००००००.			ग)स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	८४००००.	
	राजश्व बाँडफाँट स्थानीय सरकार	५०९०२२५.२	५०९०२२५.२		घ)पर्यटन पूर्वाधार विकास आयोजना	१६१०३३६९.	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	३१५१९३५३.४८	३१५१९३५३.४८		ङ)एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३०१२६५००.	
	क)वित्तीयसमानीकरण	७२९४०००.		४	विभिन्न कोषतर्फको खर्च	६३०३८८५.	६३०३८८५.
	ख)राजस्वबाडफाँट	७२६३३५३.४८			कोष खाता/**धरौटी खाता**	६३०३८८५.	
	ग) सशर्त अनुदान	७४६२०००.			क) स्थानीयतहधरौटी खाता	४०३४७४५.	
	घ) १३३१४विषेश अनुदानचालु	२५०००००.			ख) विविधखर्चखाता	५५६८४४.	
	ङ) १३३१७ समपुरक अनुदान पुँजीगत	७००००००.			ग) स्थानीयतह आकस्मिक कोष खाता	११३०००.	
५	अन्तरसरकारी अख्तियारीबाट प्राप्त (संघ)	१३९०६४८०१.८८	१३९०६४८०१.८८		घ) स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	१५९९२९६.	
	क) सामाजिक सुरक्षा	८०५९१४३२.८८		५	अनुदान फिर्ता	४४४३८०६२.६६	४४४३८०६२.६६
	ख) स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम	११४०३५००.			१.संघ तर्फ	३३८०००७५.६६	
	ग) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	८४००००.			शसर्तअनुदान चालु	२५९२६६१५.६६	
	घ) पर्यटन पूर्वाधार विकास आयोजना	१६१०३३६९.			शसर्तअनुदान पुँजीगत	३४२११७९.	
	ङ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३०१२६५००.			विशेष अनुदान चालु	३०४४८२१.	
६	विभिन्नकोष खाता तर्फको आय	१५९५७६२३.८३	१५९५७६२३.८३		संघीयसमपुरक पुँजीगत	१४०७४६०.	
	क) विविधखर्च खाता	४३६४९९.८३			२.प्रदेशतर्फ	१०६३७९८७.	
	ख) स्थानीयतह विविध कोषखाता	२००००००.			शसर्त अनुदान चालु	१७१८४५.	
	ग) स्थानीयतह प्रकोपव्यवस्थापन कोष खाता	२३७११९६.			शसर्त अनुदान पुँजीगत	१४३०१४२.	
	घ) धरौटी आम्दानी	१११४९९२८.			समपुरक अनुदान पुँजीगत	७००००००.	
					विशेष अनुदान	२०३६०००.	

				६	अन्तिम मौज्दात	७०३०७६७५.३४	७०३०७६७५.३४
					ग४.१स्थानीय तह सञ्चितकोष खाता	४२४४४६२९.१५	
					ग३.१स्थानीय तह धरौटीखाता	२३४७००२८.	
					ग२.७ विविधखर्च खाता	४६१००५.८१	
					ग७.१आकस्मिक कोष खाता	१९७७८१.६६	
					ग७.२प्रकोप व्यवस्थापनकोष खाता	१२४७७३२.७२	
					स्थानीय तह विविध कोष खाता	२४८६४९८.	
	जम्मा		७१०४३३५९३.०४		जम्मा		७१०४३३५९३.०४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ आर्थिक कारोवारको एकिकृत वित्तीय विवरण

३.१ **वित्तीय विवरण परीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० मा सवै वित्तीय कारोबार देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा व्यवस्था भएकोमा पालिकाले देहायका भुक्तानी बाँकीको विवरण, लगानी लगायतका विवरणहरुको साथै सम्पूर्ण टिप्पणी तथा अनुसूची प्रविष्टि गरेको देखिएन यस सम्बन्धी बेहोरा निम्नानुसार रहेका छन्-

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **भुक्तानी दायित्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तोकिएको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने उल्लेख छ। गाउँपालिकाले तयार गरेको वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) टिप्पणी नं. १३ मा भुक्तानीको दायित्व गत वर्ष रु. १८०००००।- देखाएको साथै यस वर्ष रु. ४ लाख ८० देखाएकोले वित्तीय विवरण पूर्ण भएको देखिएन। गाउँपालिकाले सम्पूर्ण रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३.३ **लिन/उठ्न बाँकी रकम-** एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १७ मा प्रदेश नदिजन्य पदार्थ व्यवस्थापनको लागि अनुगमन गर्न एक जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा एक समिति व्यवस्था छ । समितिले सम्झौता अनुसारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र विक्री गरेको भएता पनि व्यवस्थापन गर्ने क्रममा खोला किनार नजिकै औशतमा ८.७१ मि., ६.१५.१.२मि. र ३६०-११-१.२मि. गरि जम्मा ४८१.८ घन मिटर घाट गद्दि गरेको पाईयो। उक्त स्थानमा घाट गद्दि गरी राखेको ढुङ्गा, गिट्टी, वालुवा स्थानीय सरकारले जफत गरी विक्री वितरण गर्न सक्ने गरी मिति २०८२ आषाढ ११ मा निर्णय गरेको छ । पालिकाले हालसम्म उक्त जफत भएको ४८१.८ घन मिटर प्रति घन मिटर रु. २८२.५ का दरले रु. १३६११४.४ लगत राजस्व कायम गरी राखेको देखिएन । पालिकाले उक्त विवरण टिप्पणी नं. १५ मा समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

३.४ पालिकाको आर्थिक वर्ष २०८१।८२ को स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले टिप्पणी ६.२ नगद र बैक मौज्दात विवरणमा शुरु मौज्दात रु. ५५५३५७३४.३६ देखाएकोमा बैंक हिसाव विवरण अनुसार रु.५५९९२७९४.३६ देखाएको छ । पालिकाले श्रेस्ता भन्दा

बैंकमा रु.४५७०६० बढी देखाएको छ । पालिकाले यथार्थ विवरण तयार गरी हिसाव समायोजन गर्नुपर्दछ।

३.५ **सम्पत्तिको मौज्दात विवरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ (६) मा केन्द्रीय निकायले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा नियम १०१ मा सम्बन्धित केन्द्रीय निकायले एकीकृत वार्षिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । एकीकृत वित्तीय विवरणको टिप्पणी नं. ११ मा सम्पत्तिको मौज्दात रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्षको मौज्दात रु. ४९८५७१६७.०० रहेकोमा यस वर्ष सम्पत्ति रु. ६०९३५४८.५४ थप भई रु. ५५९५०७१५.५ मौज्दात देखाएकोमा पालिकाले तयार गरेको वित्तीय विवरण लेखा टिप्पणीमा उल्लेख गरेको देखिएन । पालिकाले वित्तीय विवरणमा सम्पत्ति रकम समावेश गरी तयार गर्नुपर्दछ ।सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्षको मौज्दात रु ६९१६८३५९.९२ रहेकोमा यस वर्ष सम्पत्ति रु. १३५०३०४६.५४ थप भई रु २८४९४३०.९८ खर्च भएकोमा रु १०६५३६१६ देखाएकोमा गाउँपालिकाले तयार गरेको वित्तीय विवरण (म.ले.प.फा.नं. २७०)टिप्पणी ४.१ ऋण तथा शेयर लगानीमा शुन्य देखाएको छ। गाउँपालिकाले वित्तीय विवरणमा सम्पूर्ण रकम समावेश गरी तयार गर्नुपर्दछ ।

३.६ सरकारी कारोबार निर्देशिका २०७६ संशोधन सहित दफा ४.३.१ 'ग-३.१ स्थानीय तह अन्तर्गतका महालेखा नियन्त्रण कार्यालयले च.नं. १११ मिति २०८१।९।१६ बाट सबै कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा परिपत्र जारी गरी कोषको रकममध्ये कार्यालयसँग सम्बन्धित कोषको मात्र नामेसी खुलाई CGAS+ मा आन्दानी बाध्ने र नामनामेती नखुलेको, प्रयोजन समाप्त भएको, प्रदेशमा हस्तान्तरण भएको कार्यालयको र अस्तित्वमा नरहेको कार्यालयको हकमा भने धरौटी सो सरह सदरस्याहा गरी श्रेस्ता अध्यावधिक गर्ने परिपत्रमा उल्लेख छ । प्रदेश लेखा नियन्त्रण कार्यालय, रुकुम (पूर्वी भाग) ले पेश गरेको कोषको जिल्लागत आर्थिक विवरण अनुसार यस पालिकाको नाममा रु.८२३५।– मौज्दात देखाएको छ। उक्त रकम यस पालिकाको वित्तीय विवरणमा समावेश भएको देखिएन। उक्त प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट फिर्ता लिई धरौटी खातामा जम्मा गरी वित्तीय विवरणमा समावेश गर्नु पर्दछ ।

प्रमाण पेश नगरेको	८,२३५

४ **बजेट तथा कार्यक्रम (स्थानीय तह)**

४.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ मा आवधिक विकास योजना तयार गर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यस गाउँपालिकाकोप्रथम आवधिक विकास योजना (आ.व.२०७८।०७९-२०८२।०८३)यस आर्थिक वर्षको बजेट, आय र खर्च यर्थात अवस्था देहाय अनुसार रहेको छ।

रु. हजारमा					
विवरण	**२०८१।८२को बजेट**	**योजनाअनुसार यस वर्षको अनुमान**	**यसवर्षको आय र खर्च**	**योजनाअनुसार अनुमान प्रतिशत**	**यर्थाथ आय र खर्च प्रतिशत**
आय अनुमान	५४,८८,१३	५५३२००	४५४९८०	१००	८२.२४
आर्थिक विकास	१७५७६	३३४००	११६१४	१८.१०	२.७६
पूर्वाधार विकास	७९३८५	४७४२५	५६७८२	२५.६९	१३.५०
वन तथा वातावरण	४०००	१२५०	३४३१	०.६८	०.८२
सामाजिक विकास	३३०४९८	८९३००	२८९९०७	४८.३८	६८.९५
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३८३४४	१३२००	५८७३५	७.१५	१३.९७
जम्मा	४६९८०३	१८४५७५	४२०४६९	१००.००	१००.००

यस वर्ष प्रथम आवधिक योजनाले अनुमान गरेको तुलनामा८२.२४ प्रतिशत आय भएको छ। गाउँपालिकाले क्षेत्रगत आधारमा योजनामा सबैभन्दा बढी सामाजिक विकासमा ४८.३८ प्रतिशत खर्च गर्ने प्रक्षेपण गरेकोमा यस वर्ष ६८.९५ प्रतिशत खर्च गरेको छ भने योजना अनुसार आर्थिक विकास , पूर्वाधार विकास बजेट विनियोजन गरेको देखिएन । गाउँपालिकाले शहिद परिवारलाई शेयर खरिद कार्यक्रम , अध्यक्ष / उपाध्यक्ष विपन्न सहायता कार्यक्रम , गर्भतीफोनिङ , नारीवचत जस्ता वितरणमुखी कार्यक्रम नियन्त्रण गरी योजनामा रहेका अनुसूची-१ मा रहेका गाउँपालिका गौरव, रुपान्तरणकारी र आयोजना बैंकमा उल्लेख भएका आयोजना लगानी गरी आवधिक योजना र बजेटबिच तादम्यता हुने गरी वार्षिक नीति तथा कार्यकरम र बजेट तर्जुमा गरेको पाइएन । गाउँपालिकाले प्रक्षेपण बमोजिम क्षेत्रगत बजेट व्यवस्था गरी अन्य क्षेत्रसँग सहकार्यमा दीगो विकास मार्फत "समृद्ध सिस्ने हाम्रो गन्तव्य"को दीर्घकालीन सोच पूरा गर्न पालिकाले ध्यान दिनुपर्दछ।

४.२ **बजेट पेश, पारित र अख्तियारीः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाका उपप्रमुखले मिति २०८१।३।१० मा रु रु. ५४ करोड ८८ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८१।३।२६मा पारित भएको छ । यसैगरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतमिति २०८१।४।७मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.३ **गत वर्षको दायित्व भुक्तानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिकवर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको कच्चावारी प्रमाणितबेगर यस पालिकाले गत वर्षको दायित्वअन्तर्गत रु.६ लाख बजेट विनियोजन भई रु. ४ लाख ८० हजार खर्च गरेको देखियो। सालबसाली रूपमा कार्यक्रम सम्पन्न गर्नुका साथै भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिनुपर्दछ ।

४.४ **त्रैमासिक पुँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण

अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रु. हजारमा

विवरण	बजेट	खर्च	प्रथम	दोस्रो	तेश्रो	चौथो	आषाढको खर्च
रकम रु. हजारमा	१३९९७५०००.	१००७५०२११.	१९४४७००	४५०२७००	१९५२६२५०	७४७७६५६१	४९४६५८७१
प्रतिशत	१००.	७१.९८	१.९३	४.४७	१९.३८	७४.२२	४९.१

माथिको तालिका अनुसार यस वर्ष ७१.९८ प्रतिशत खर्च भएकोमा चौथो त्रैमासिकमा कुल खर्चको ७४.२२ प्रतिशत र आषाढमा मात्र ४९.१ प्रतिशत खर्च भएको छ । गाउँपालिकाले तोकिएको त्रैमासिक अनुसार खर्च गर्न विनियोजन दक्षता एवं कार्यान्वियन प्रभावकारितामा वृद्धि गर्नु पर्दछ।

४.५ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।साथै गाउँसभाले सालबसाली विनियोजन ऐन व्यवस्था गरी खर्च र रकमान्तरको व्यवस्था गर्नु पर्दछ । गाउँपालिकाले यो वर्ष विनियोजन ऐन प्रकाशन नगरी रु. ५४ करोड ८८ लाख १३ हजार बजेट रहेकोमा रु. १ करोड ३१ लाख ४७ रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्दछ।

४.६ **योजनाको प्राथमिकीकरणः**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार पुजिँगत र कार्यक्रम गाउँपालिकास्तरका कुल २०९ वटा योजनामा बजेट विनियोजन गरेको छ।

(रु. हजारमा)

क्र. सं.	बजेट	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २०	रु.५लाखभन्दा कमका योजना सङ्ख्या	प्रगतिसङ्ख्या	खर्च
१	१३९९७५	१६४	१३	४६	१०५	१४४	१००७५०
२	१६३८९	४५	१	११	३३	३६	११५९९
	१५६३६४	२०९	१४	५७	१३८	१८०	११२३४९

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सन्दर्भमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा रु. १५१७३९३९१ को खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा ९ बमोजिम यस पालिकाकामा कार्यरत ५२ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २४ लाख ९१ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले सूचना अधिकारी तोक्नु पर्ने तथा आफ्नो सूचनाको वर्गीकरण, अद्यावधिक र तीन/तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्नेमा सूचना अधिकारी तोकेतापनि स्वतःप्रकाशन गरेको देखिएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३३(४) मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको देखिएन । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी तोकिएको अवधिमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ कानून निर्माण एवं कार्यान्वयन (स्थानीय तह)

७.१ गाउँपालिकाले हालसम्म निति १, ऐन १९ वटा, नियमावली ११ निर्देशिका १२,मापदण्ड ६, दिग्दर्शन १, रणनीति १ र संहिता २ र कार्यविधि ५३ गरी हालसम्म १०८ वटा कानूनी व्यवस्था भएकोमा आ व २०८१।८२ मा मात्र ऐन २ वटा, निर्देशिका ३, कार्यविधि १२, मापदण्ड २, मानक १ र रणनीति १ गरी १९ वटा कानूनी व्यवस्था भएको छ। गाउँपालिकाले तर्जुमा भएका कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

७.२ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(४) मा न्यायिक समितिले ३ महिना भित्र मुद्दा मेलमिलापको माध्यमबाट छिनोफानो गर्नुपर्ने व्यवस्था रहेको छ। न्यायिक समितिलाई यस आर्थिक वर्षमा ११ वटा उजुरी दर्ता भएकोमा १० वटा मुद्दाको फर्स्यौट भई १ वटा उजुरीको किनारा नलागी वर्षान्तमा बाँकी देखिएकोले नियममानुसार बाँकी मुद्दा को किनारा लगाउनुपर्दछ।

८ संगठन तथा कर्मचारी व्यवस्थापन (स्थानीय तह)

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ। साथै लुम्बिनी प्रदेश स्थानीय सेवा ऐन, २०८१ को दफा ५ र ६ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्नु पर्ने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५२ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका २७ पदहरु रिक्त रहेका छन्। रिक्त पदमा प्रदेश लोक सेवाबाट माग गरी पद पूर्ति गर्नुपर्दछ।

८.२ **उपदान कोषः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.1 मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐनको 91.2 अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपदान कोष तयार गरी कर्मचारीको योगदान बापत १० % रकम थप गरेर उपदान कोषमा जम्मा गर्नुपर्नेमा कर्मचारी कल्याण कोषको लागि रु.२० लाख र विपद कोषबाट रु.१० लाख गरी रु.३० लाख कमर्चारी कल्याण कोषमा जम्मा गरेको देखिएको हुदा नियमानुसार उपदान कोष निर्माण गरी पालिकालाई दीर्घकालीन आर्थिक बोझलाई कमि गर्नुपर्दछ।

८.३ **अप्राविधिक कर्मचारीलाई करार नियुक्तिः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था छ ।लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा १४ मा स्थानीय तहको स्वीकृत सङ्गठन संरचना अनुसार स्थायी पदपूर्ति गरिने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गर्नु पर्ने उल्लेख छ। पालिकाले सो व्यवस्था विपरित हुने गरी प्रशासन, राजस्व, दर्ता सहायक, सहायक चौथो अप्राविधिक कर्मचारीलाई करारमा नियुक्त गरी कानून विपरित भुक्तानी गरेको देखियो । पालिकालेस्वीकृत दरबन्दीमा स्थायी पदहरुको लोकसेवा माग गरी पदपुर्ति गर्नु पर्दछ ।

पद	कार्यरत इकाई	नाम थर
क अ	प्रशासन	शिल्पा पौडेल
दर्ता सहायक	प्रशासन	पवित्रा सिंह मल्ल
प्रशासन सहायक	प्रशासन	मनकला बाँठा मगर
राजश्व सहायक	राजश्व	नवराज रावल
लेखा सहायक	लेखा	सौगात गौतम
सहायक पाचौ	कानून	टायल गौतम
सहायक चौथो	वडा नं १	राजेश वि सि
सहायक चौथो	वडा नं २	खड्क बहादुर के.सी.
सहायक चौथो	वडा नं ४	मदन कुमार घर्ती
सहायक चौथो	वडा नं ५	कुल बहादुर सुनार
सहायक चौथो	वडा नं ६	विष्णु बि.क.
सहायक चौथो	वडा नं ७	दिजिना खड्का भण्डारी
जम्मा		

९ सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन (स्थानीय तह)

९.१ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, बार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रणालीमा १३ वटा सहकारी रहेकोमा ५ विवरण अद्यावधिक गरेको र ८ वटाले विवरण पेस गरेको देखिएन ।पालिका क्षेत्रमा दर्ता भएका सहकारीहरूको विवरण अद्यावधिक गराई सञ्चालनको अवस्था बारेमा अनुगमन निरीक्षण गरी नियमन प्रभावकारी भएको पाइएन ।तसर्थ, ऐन , नियमावली र निर्देशिका अनुसार सहकारीहरूको प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

९.२ सिस्ने गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ३ मा १० प्रतिशत घरभाडा कर लगाउने व्यवस्था छ । गाउँपालिकामा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) विवरण बुझाएका सहकारीले खर्च देखाएकोमा भाडा कर रु.९३८२ स्थानीय सञ्चित कोष दाखिला गरेको देखिएन। ऐन अनुसार १० प्रतिशत कर रु.९३८२ असुल गर्नु पर्ने रु.

क्र.सं.	२०७९।८०	२०८०।८१	२०८१।८२	जम्मा
स्वावलम्वी कृषि सहकारी संस्था ली.	२५००	२५००	२५००	७५००
सिस्ने साना किसान कृषि सहकारी संस्था लि.	१३२०	५६२	०	१८८२
जम्मा				९३८२

असुल गर्नुपर्ने	९,३८२

१० घ वर्गका निर्माण व्यवसायीहरुको नविकरण

१०.१ पालिकाको घ वर्गका निर्माण व्यवसायीहरुको इजाजत पत्र सम्बन्धी कार्यविधि मा आर्थिक वर्षको ३ महिना भित्र नवीकरण नगरेमा थप दस्तुर लिई नवीकरण गर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गत २५ इजाजत अनुमति पत्र प्राप्त गरेकोमा २३ नवीकरण निर्माण व्यवसायी दर्ता भएका छन् । पालिकाले इजाजत दिएका निर्माण व्यवसायीको घर भाडा सम्झौता, मेसिन र जनशक्तिको व्यवस्थित अभिलेख गरी घर भाडा तथा सम्पत्ति कर लिएको देखिएन । साथै स्वामित्व परिवर्तन भएका शिद्धमण्डली बिल्डर्स प्रा.लि. र के.वि.के.सी. कन्स्ट्रक्सन प्रा.लि. सिस्ने-४ नविकरण गरेको छ ।स्वामित्व परिवर्तनहुदाँ सम्वन्धित शेयर धनी परिवर्तन हुने हुदाँ सोको नया दर्ता वा नविरकण के हुने हो स्पष्ट कानूनी व्यवस्था गर्नु पर्दछ।

१०.२ सिस्ने गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ३ मा १० प्रतिशत घरभाडा कर लगाउने व्यवस्था छ । गाउँपालिका क्षेत्रमा सञ्चालित घ वर्ग इजाजत दिएका निर्माण व्ययसायीको आर्थिक वर्ष २०८०।८१ र २०८१।८२ को वित्तीय विवरणमा भाडा कर तिर्न बाँकी रु.४६३००।– देखाएकोले उक्त स्थानीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

क्र.स.	निर्माण कम्पनीको नाम, ठेगाना	स्थायी लेखा नं.	२०८१।८२	२०८०।८१	जम्मा
१	एम.बि. ग्रुप प्रा.लि. सिस्ने गा.पा. -५, रुकुम (पूर्वी भाग)	६०६६३४१५३	३६००	३६००	७२००
३	मगर खाम कन्स्ट्रक्सन प्रा.लि. सिस्ने -५	६०६६७१६१९	६०००	०	६०००
४	शर्पकोट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सिस्ने -५	६०९६९३५६२	२४००	२४००	४८००
५	टिनिसा निर्माण सेवा प्रा.लि. सिस्ने -५	६०९७७९२८४	६०००	०	६०००
११	श्रेय एण्ड कम्पनी प्रा.लि. सिस्ने -६	६१९८२९१२४	४५०	४५०	९००
१२	चित्रेपाटन निर्माण सेवा अर्डर एण्ड सप्लायर्स प्रा.लि.	६१९८१६७६२	८८००	८८००	१७६००
१३	अठाले ग्रुप प्रा.लि. सिस्ने गा.पा.-६, रुकुम (पूर्वी भाग)	६१९७७५६९०	७००	७००	१४००
१९	शिद्ध मण्डली बिल्डर्स प्रा.लि.	६०६८५६३८६	१२००	१२००	२४००
	जम्मा				४६३००

असुल गर्नुपर्ने	४६,३००

११ **धरौटी र कोष (स्थानीय तह)**

धरौटी सदरस्याहः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ६६ को उपदफा २ मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनु पर्ने र निवेदन जाँचबुझ गर्दा कार्यालयको अभिलेख र निवेदनको व्यहोरा रूजु भएमा कार्यालयले त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्ने तथा दफा ६७ को उपदफा १ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने भएमा जिम्मेवार व्यक्तिले प्रचलित कानून वा करारको शर्तनामामा म्याद तोकिएकोमा सोही म्यादभित्र र म्याद नतोकिएको भएमा तीस दिनभित्र निर्णय गरी दाखिला गर्नु पर्ने उल्लेख छ। पालिकाले गत विगत वर्षदेख धरौटी खातामा नाम नामेशी नखुलेको भएको रु.३३ लाख रकम कानुनबमोजिम सदरस्याहा गर्नुपर्छ।

१२ **यन्त्र उपकरण सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०१ मा कार्यालयले सरकारी सम्पत्ति तथा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकले पेश गरेको वार्षिक सम्पत्ति विवरण अनुसार ट्रिपर, एम्बुलेन्स लगाएतका

सवारी साधन तथा यन्त्र उपकरण सञ्चालन उल्लेख गरी इन्धन, चालक, पारिश्रमिक र मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ।

उपकरणको नाम	मोडेल	सवारी नं.	इन्धन खपत (रु)	जनशक्ति लागत (रु)	मर्मत लागत (रु)	जम्मा खर्च (रु)	आय (रु)	व्यय (रु)
ट्रिप्पर	२०१८	रा १ ग ४४	४५२२५०	३,६०,०००	७,२७,४८५	१५३९७३५	१,५१,०००	१३,८८,७३५
एम्बुलेन्स	२०२१	रा १ झ २२०	४,८०,०००	४,१०,०००	९,२५,८८९	१८,१५,८८९	५,७१,०००	१२,४४,८८९
एम्बुलेन्स	२०२१	लु १ झ ६०७	३,७५,०००	३,९०,०००	४,०९,८७०	११,७४,८७०	३५६५००	८,१८,३७०
स्कारपियो	२०१८	रा १ झ १५८	४,२०,०००	३,९०,०००	६,७८,६३५	१४,८८,६३५	0	0
ब्याक हो लोडर	२०१८	रा १ क २८	0	0	0	0	0	0
जेनेरेटर	१० के.भि.ए		१,८७,०००	0	८६,२५६	२७३२५६	0	0
मोटरसाइकल	१७ वटा		५,८६,३२८	0	४,७३,८५४	१०,६०,१८२	0	0

१२.१ सिस्ने गाँउपालिका एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१(२०८१।०२।३०) को परिच्छेद ४ मा एम्बुलेन्स सञ्चालनको लागि मर्मत संभार खर्च चालकको पारिश्रमिक लगायत खर्च गर्नको लागि एम्बुलेन्स सञ्चालन कोषको व्यवस्था गर्ने र एम्बुलेन्सबाट प्राप्त आम्दानी सोही कोषमा जम्मा गर्ने र खर्च सोही कोषबाट गर्ने व्यवस्था रहेको छ। साथै सोहि कार्यविधिको अनुसुचि १ मा एम्बुलेन्सको सेवा शुल्कका बारेमा उल्लेख छ। सिस्ने गाँउपालिका भित्र रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि पालिकाले २ वटा एम्बुलेन्स खरिद गरी सञ्चालन गरेकोमा एम्बुलेन्स कोषको व्यवस्था गरेको छैन। पालिकाले कार्यविधिमा उल्लेख भए बमोजिम एम्बुलेन्स कोषको व्यवस्था नगरी यस वर्ष विभिन्न विरामीलाई विभिन्न दरमा सेवा उपलब्ध गराई कुल रु.९२७५०० आम्दानी गरेको छ। एम्बुलेन्स प्रयोगमा दिँदा कार्यविधिले तोकेबमोजिम शुल्क लिएको सम्बन्धमा लग बुक तयार गरि विस्तृत विवरण राखेको छैन। पालिकाले यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। पालिकाले एम्बुलेन्स सञ्चालनको लगसिट राखेको छैन भने अर्को तर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन। पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको समेत पाइयो। पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा कानुनबमोजिम विपन्न, महामारी, विपद, फरक क्षमता भएका नागरिकको आवश्यकता र गाम्भिर्यतालाई ध्यान दिनुपर्दछ।

१२.२ पालिकाले सञ्चालन गरेका ब्याक हो लोडर लगाएतका सवारी साधन तथा हेभी इक्वीपमेन्टहरुको व्यय भन्दा आय कम देखिएको छ। व्ययको तुलनामा ट्रिपरले करिब १० प्रतिशत तथा एम्बुलेन्सले ३१ प्रतिशत सम्म मात्र आम्दानी गरेका छन्। पालिकाले यस्ता उपकरण सञ्चालन गर्दा अत्यावश्यक अवस्था बाहेकमा लाभ लागत विश्लेषण गरी मितब्ययी र पालिकालाई थप भार नपर्ने गरि सञ्चालन गर्नुपर्छ।

१३ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथैनेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०७।२० गतेको निर्णयानुसार सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकीकृत विवरण तयार गर्न संघ

र प्रदेशका सबै सरकारी कार्यालयहरु एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७।०७८ देखि अनिवार्य रुपमा लागू गर्ने निर्णय गरेको छ। सोही निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७७।०८।०७ गते सवै स्थानीय तहका कार्यालयहरुलाई अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा लागु गर्न परिपत्र गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्तिको लेखाकंन र प्रतिवेदन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट अभिलेख शुरु गरेको छ । नियमावलीको व्यवस्था अनुसार सम्पतिको जिन्सी निरीक्षण गरी सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । सरकारी सम्पत्ति तथा जिन्सी मौज्दातको वार्षिक विवरणमा देहायका सम्पत्तिहरुको मूल्य शुन्य देखाएको, मूल्य नखुलाएको र खर्च भएर जानेलाई समेत खर्च भएर नजानेमा देखाएको,कार्यालय भवन रहेको जग्गाको मूल्याङ्कन मालपोत कार्यालयबाट जारी भएको न्यूनतम मूल्याङ्कन अनुसार नभएको तथा जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वियन हुनुपर्दछ।

सम्पत्तिको नाम	**विवरण**	**संख्या**	**मूल्य**
मोटरसाइकल	रा. १. ब. ४८५	१	०
मोटरसाइकल	रा. १. ब. ४८८	१	०
मोटरसाइकल	ग. १. ब. १०१२(१९० सि.सि.	१	०
लेन लाईन फोन	खर्च भएर जाने	५	०.५
रिभल्भीङ चेयर		१	नखुलेको
भवन प्रयोजनको जमिन		१	३४०.६

१४ **बिल भरपाई बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ साथै सोही नियमको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको भुक्तानि दिँदा वितरण गरेको भरपाई, बिल भरपाई बेगर भुक्तानी दिएकोले बिल भरपाई पेस हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

गो. भौ. नं. । मिति	**कार्यक्रम**	**विवरण**	**भुक्तानी पाउने**	**भुक्तानी**	**रकम**
७४०।०८२।३।२४	कला संस्कृति संरक्षण सम्वर्धन कार्यक्रम	खरिद आदेश दाखिला रि वितरण भरपाई संलग्न नगरी जुत्ताखरिद	दुर्गा बहादुर खत्री	३८४००	१८६६०
६२९।०८२।३।२१	विपद व्यवस्थापन कार्यक्रम	ग्यावियन जडान,, कार्यसम्पन्न प्रतिवेदन तथा फोटो लगाएतको संलग्न नरहेको ।	चित्रेपाटन निर्माण सेवा एण्ड सप्लायर्स	९६६५४	९६६५४
जम्मा					**११५३१४**

प्रमाण पेश नगरेको	१,१५,३१४

१५ **ढुवानी भाडा** (५६१-):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२९** को निर्णयले रू **२६,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१६ **दोहोरो अनुदान**

कृषि तथा पशुपन्छी मन्त्रालयद्वारा जारी प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को बुँदा नं. ३१ मा अनुदान वितरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित वनाउन संघीय सरकार, प्रदेश सरकार तथा समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वियन हुने आयोजनाहरूसँग दोहोरोपना नहुने गरि आवश्यक वित्तीय उत्तरदायित्व वहन गर्नु पर्ने उल्लेख छ। पालिकाले विभिन्न अनुदान वितरण गर्दा कार्यविधिबमोजिम दोहोरो नहुने एकिन गरि गरेको पाईएन। जसका केही उदाहरणहरु निम्नानुसार छन्। पालिकाले अनुदान वितरण गर्दा संघ तथा प्रदेश कार्यालयसँग समन्वय गरी वितरण गर्नु पर्दछ ।

क्र.सं.	**कृषि आधुनिकिकरण कार्यालय**			**सिस्ने गाउँपालिका**		
	फर्मको नाम	**विवरण**	**भुक्तानी**	**गो. भौ.नं.**	**विवरण**	**भुक्तानी**
१	दाङ्चामहिला कृषक आय आर्जन कृषक समुह	कृषिक्षेत्रमा यान्त्रिकिकरण	४००००	५११	मागमाआधारित कृषि कार्यक्रम	४१,८६३.००
२	पाथिहाल्नाकृषि तथा पशुपन्छि फार्म	कृषिक्षेत्रमा यान्त्रिकिकरण	५७५००	६८३	मागमाआधारित कृषि कार्यक्रम	१६,२५३.००
३	अर्गानिकतरकारी तथा फलफुल नर्सरी फम	कृषिक्षेत्रमा यान्त्रिकिकरण	३४०००	५२८	मागमाआधारित कृषि कार्यक्रम	७३,५५०.००
४	विमलस्थानीय तरकारी नर्सरी फर्म	कृषिक्षेत्रमा यान्त्रिकिकरण	१०००००	५२८	मागमाआधारित कृषि कार्यक्रम	७८,४००.००
	जम्मा		**२३१५००**			**२१०,०६६.००**

१७ **अन्तरजिल्ला रेखाङ्कन भ्रमण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको बिल ,भरपाई सहितको लेखा राख्नुपर्ने तथा नियम ३९ (१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। महिला विकास शाखा अवलोकन तथा भ्रमण शीर्षकबाट मिति २०८२।३।११ देखि १५ सम्म पालिकाका विभिन्न ३४ महिलाहरुले गुल्मी, तनहुँ लगाएतका जिल्लामा गरेको भ्रमण गरिएको जनाइ सुनिता खड्काले पेश गरेको प्रतिवेदनमा अन्तरजिल्ला रेखाङ्कन कार्य भएको उल्लेख भएता पनि उक्त रेखाङ्कन कार्यमा के कस्ता कार्यहरु भए, त्यसबाट के सिकाइ भयो र त्यस कार्यको आन्तरिकिकरण लागएतका विषयमा विस्तृत प्रतिवेदन गरेको छैन। पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा पालिकाको आवश्यकता, मितव्ययीता र कार्यक्रमको प्रभावकारिता हासिल हुने गरी खर्च गर्नुपर्दछ।

१८ **गाडी भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। पालिकाले सवारी भाडामा लिइ प्रयोग गर्दा सो गाडी प्रयोगको प्रयोजन नखुलाई सम्झौता गरि गाडी भाडा वापतको भुक्तानी दिने गरेको छ। रुकुम(पूर्वी भाग)को २०८१।०८२ को जिल्ला दररेटमा उल्लेख भएको स्कर्पियोको भाडादर भन्दा बढी हुने गरि भुक्तानी गरेको देखियो। पालिकाले आगामी दिनमा सवारी भाडामा लिँदा जिल्ला दररेट बमोजिम प्रयोजन स्पष्ट गरी आवश्यक कार्यमा मात्र भाडामा लिई खर्च गर्नुपर्दछ ।

गो. भौ. नं.। मिति	स्थान	भ्रमण दिन	सवारीको किसिम	भुक्तानी लिनेको नाम	जिल्ला दररेट इन्धन बाहेक	भूक्तानी भएको रकम
५२२।०८२।३।१७	बुटवल	५	स्कर्पियो	कुमार बुढाथोकी	५०००	१२३७५०
	नेपालगंज	५				
जम्मा						**१२३७५०**

१९ **अध्यक्ष/उपाध्यक्ष विपन्न सहायता कार्यक्रम**

लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को बुदा नं २७(क) मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैर सरकारी संस्थालाई अनुदान र आर्थिक सहायता नदिने व्यवस्था रहेको छ। स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानिय तहको काम कर्तव्य र अधिकार उल्लेख गरिएको छ। दफा ११(७) (८) मा स्थानीय सरकारले उक्त क्षेत्रको कार्यान्वयन गर्नको लागि ऐन नियम मापदण्ड तथा कार्यविधि बनाएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले अध्यक्ष विपन्न कार्यक्रम कार्यक्रम सञ्चालन गर्दा कार्यविधि तथा मापदण्ड नबनाई विभिन्न ३ जनालाई प्रतिव्यक्ति २५००० का दरले क्यान्सर रोगी मुट्ु रोगी र मेरुदण्डको विरामी लाई रु ७५००० भुक्तानी गरेको छ। कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा एकरुपता नआउने सामाजिक सुरक्षा भत्ता प्राणघातक रोगहरु लागे वापत नेपाल सरकारले उपलब्ध गराउने भत्ता सहुलियत गरि दोहोरो नहुने गरी लक्षित वर्गलाई कार्यविधि तथा मापदण्ड तर्जुमा गरी सञ्चालन गर्नुपर्दछ।

२० **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका सामाजिक सुरक्षा भत्ता समेत प्राप्त गर्ने एकल महिला तथा अपाङ्ग लगायतका नागरिकलाई विभिन्न सामाग्री वितरणमा खर्च लेखेको छ। यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हासिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविक आवश्यकता र मागमा आधारित भई पारदर्शी तवरले वितरण गर्नु पर्दछ। पालिकाबाट यस्ता प्रकृतिका खर्च गरेका उदाहरणहरु निम्न छन् ।

गो. भौ. नं.	विवरण	लाभग्राही समुह	दर	लाभग्राही संख्या	भुक्तानी रकम
३८८।०८२।२।२७	बाख्रा वितरण	एकल महिला		६	१०००००
२९६/२९७।०८२	कुखुराका चल्ला वितरण	अपाङ्ग	६०००	५०	३०००००
७०८।०८२।३।२४	आमा समुहको बैठक	महिला	६०००	४२	२५२०००
७४८।०८२।३।२४	अन्य सामाजिक सुरक्षा				
विभिन्न	स्थानीय कला संस्कृतिलाई प्रोत्साहन	विभिन्न वडाका नाचगान गर्ने समुह	४००००	समुह	३२००००
६७४। ०८२।३।२३	विपद व्यवस्थापन कार्यका लागि, टि सर्ट गैटी बेल्चा लगाएत खरिदका लागि भुक्तानी	रुकुमकोट लायन्स क्लबले भुक्तानी लिएको		समुह	१०००००
२२४।०८२।३।२१	६० वर्ष माथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य बीमा	स्वास्थ्य बीमा बोर्ड	३५००	५७	१९९५००
जम्मा					१२७१५००

२१ **छोरी बचत कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने उल्लेख छ । पालिकाले निर्माण गरेको सिस्ने गाउँपालिकाको प्रथम आवधिक योजनामा उल्लेख नै नगरी सिस्ने गाँउपालिकाको नारी बचत कार्यक्रम सञ्चालन कार्यविधि २०७८ का आधारमा कार्यविधि का आधारमा स्वास्थ्य संस्थामा सुत्केरी हुने दरलाई वृद्धि गर्न गर्भवती अवस्थामा स्वास्थ्य संस्थामा ४ पटक निरन्तर जाँच गरी स्वास्थ्य संस्थामा जन्म भएका ९९ बालिकाको नाममा रु. ५०००/- का दरले रू. ४९५०००/- भुक्तानी गरेको देखियो। यस्ता कार्यक्रम सञ्चालन गर्दा कानुनले तोकेबमोजिम आवधिक योजनामा सामञ्जस्यता हुने बजेटमा समावेश गरि खर्च गर्नुपर्दछ।

२२ **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालनन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को दफा १६ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानका बारेमा उल्लेख छ। पालिकाको सुत्र प्रणाली अनुसार विविध तर्फ मात्र रु. ७७५१९० खर्च गरेको छ। जुन आन्तरिक आयको ७.३८ प्रतिशत रहेको छ। पालिकाले निम्न गो. भौ. नं. र मितिबाट अन्य निकायको खर्च समेत गरि विविध कार्यकमा खर्च गरेको छ।

२३ **उपभोक्ता समितिलाई भुक्तानी** (६५८।०८२।३।२३-2082-05-30):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने साथै सोही नियमको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। रुकुमकोट खानेपानी तथा सरसफाई उपभोक्ता समितिले मिति २०८२।३। १५ को उपभोक्ता समितिको निर्णयको आधारमा सोही मितिको निवेदन साथ माग गरेको सहयोग रकम भुक्तानी दिने निर्णय कार्यपालिकाले मिति २०८२।३।४ मा उपभोक्ताको खानेपानीको महशुल घटाउने शर्तमा विभिन्न ६ जना कर्मचारीको तलब भत्ता भुक्तानी बापत पालिकाले रुकुमकोट खानेपानी तथा सरसफाई उ. स. लाई रु. २९७००० भुक्तानी दिएको छ। यसरी भूक्तानी दिएको रकम कुन कार्यमा कहाँ प्रयोग भयो र कति उपभोक्ताको के कति रकम छुट भयो भन्ने खुल्ने प्रमाण कागजात पेश नगरी वर्षान्तमा भएको छ। उपभोक्ता समितिको पालिका संग सहयोग माग गर्ने निर्णय भएको मिति र निवेदन पेश गर्नु अघि कार्यपलिकाबाट उक्त रकम भूक्तानी गर्ने निर्णय भएकोले उक्त रकम भूक्तानीबाट रकम खर्च गर्नुको औचित्य पुष्टी भयो भनि एकिन हुन सकिएन । यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,९७,०००

२४ **नगर प्रहरी सञ्चालन**

सिस्ने गाउँपालिका नगर प्रहरी ऐन २०८० को दफा ७० मा नगर प्रहरीको तलब र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुने उल्लेख छ। साथै सिस्ने गाउँपालिका नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०८१ को अनुसूचि-१ मा नगर प्रहरीले प्राप्त गर्ने सुविधाका बारेमा उल्लेख छ। जसमा नगर प्रहरीले आधारभूत तलबका अतिरिक्त मासिक रु.९२०० रासन भत्ता तथा रु.३००० भत्ता वापत दिने उल्लेख छ। पालिकाले नगर प्रहरीलाई मासिक तलबका साथै रासन भत्ता समेत भुक्तानी गरेको अवस्थामा ऐनमा व्यवस्था गरेको भन्दा कार्यविधिले थप भत्ता वापत मासिक रु.३००० का दरले ४ जनालाई भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

नगर प्रहरीको नाम	भुक्तानी (रु.)
शेर बहादुर के. सी.	३६०००
दिलिप नेपाली	३६०००
सुनिल बोहरा	३६०००
सङ्गिता बुढाथोकी	३६०००
जम्मा	१४४०००

असुल गर्नुपर्ने	१,४४,०००

२५ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था तथा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालनन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४६ मा प्रदेश वा स्थानीय तहमार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई सङ्घीय निकायको एकाइको रूपमा कार्यालय कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने व्यवस्था छ। पालिकाले संघीय कार्यालयहरुलाई पालिकाको बजेटबाट विभिन्न शीर्षकमा खर्च गरेको देखियो । आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन तथा नियमावली व्यवस्था अनुसार संघीय कार्यालयलाई स्थानीय तहले बजेट (अन्तर-सरकारी अख्तियारीः) दिने व्यवस्था नगरेकोले देहाय अनुसार भुक्तानी दिएको खर्च अनियमित देखिएको रु.

गो भौ नं.	**मिति**	**भुक्तानी लिनेको नाम**	**विवरण**	**रकम**
४९	०७/१२/२०८१	जिल्ला प्रहरी कार्यालय रुकुम पुर्वलाई	पत्रपत्रिका छपाई खर्च भुक्तानी	२५०००
१३५	०९/१२/२०८१	फिस्टेल सप्लायर्सलाई	ट्राफिक प्रहरीलाई ब्रेथलाइजर खरिद गरि वितरण	१३५६००
२७०	०१/०७/२०८२	प्रतीक्षा आइ.सि.ई. बहुसेवा कम्पनी	जिल्ला प्रशासन कार्यालयलाई सोलार सामाग्रि खरिद	१९५०५०
२७१	०१/०७/२०८२	प्रतीक्षा आइ.सि.ई. बहुसेवा कम्पनी	जिल्ला प्रहरी कार्यालयलाई सोलार जन्य सामाग्रि खरिद तथा वितरण	१३७०५०
जम्मा				**४९२७००**

अनियमित भएको	४,९२,७००

२६ **सुन्तला पकेट कार्यक्रम**

पालिकाले ०८१/८२ मा सुन्तला पकेट कार्यक्रम संचालन गर्नको लागि प्रगतिशिल कृषि समूह छनौट गरी सिंचाई पुर्वाधार निर्माण तथा सुन्तलाको विरुवा खरिद कार्यको लागि रु. ९ लाख ८४ हजार १९८ को लागत अनुमान तयार गरी पालिकाले रु.८ लाख १८ हजार र सम्वन्धित लाभग्राहीले रु १ लाख ६९ हजार लागत साझेदारी व्यहोर्ने गरी रु.९ लाख ८७ हजारको कार्यसम्पन्न भएको भनी रु. ८ लाख १८ हजार भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो।

२६.१ (२५४।०८२।३।१९ संघीय सशर्त चालु-):

- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को बुदा नं १३(५च) अनुसार कार्यक्रमको लागि आवश्यक फलफूलको विरुवा राष्ट्रिय फलफूल विकास केन्द्रको समन्वयनमा व्यवस्था गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय सुवास फलफूल नर्सरी केन्द्रबाट ४००० थान विरुवा प्रति विरुवा २५ दरले आपूर्ति गरेको

भनी रु.१ लाख भुक्तानी दिने कार्य कार्यविधि विपरित भएको हुदा उक्त सप्लायर्सले राष्ट्रिय फलफुल विकास केन्द्रबाट स्वीकृत प्राप्त प्रमाण पेश गरी खरिद गर्नु पर्दछ ।

- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को बुदा नं १३ पकेट क्रियाकलाप संचालनको लागि ५ रोपनी क्षेत्रमा फलफुल नर्सरी फैलिएको हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो कुराको यकिन नगरिकनै प्रगतिशिल कृषि समूहलाई पकेट कार्यक्रमको लागि छनौट गरी अनुदान प्रदान गर्ने कार्य नियमसम्मत नभएको हुदा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।
- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को बुदा नं ९(४) अनुसार सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले उक्त पकेट कार्यक्रमको लागत साझेदारीबापतको रकम सम्बन्धित फर्म तथा सप्लायर्सलाई भुक्तानी गरेको देखियो । पालिकाले अनुदान वितरण गर्ने सामग्रीको खरिद योजना बनाई प्रतिस्पर्धी खरिद विधिको प्रक्रिया अपनाई खरिद गरी भुक्तानी गर्नु पर्दछ ।

२६.२ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ अनुसार पकेट कार्यक्रम सञ्चालनमा विनियोजन भएको रकमबाट कन्टिजेन्सी बापतको रकम खर्च गर्न नसिकने अवस्थामा पालिकाले निम्नानुसारको कन्टिन्जेन्सी बापत खर्च लेखेकोमा उक्त रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

गो भौ नं र मिति	विवरण	भुक्तानी रकम
१०४।०८२।८।२२	अनुगमन खर्च	१०५००
१०९।०८२।१।२८	भम्रण खर्च	१२७००
१७४।०८२।३।१५	फुटकर खर्च	९२५०
२१८।०८२।३।१७	विज्ञापनबापत खर्च	३३५००
जम्मा		६५९५०

प्रमाण पेश नगरेको	६५,९५०

२७ चिस्यान केन्द्रको उपयोग

प्रदेश बजेटबाट कार्यान्वियन भएको यस कार्यक्रममा सिस्ने ५ रुकुमकोट रुकुम पूर्वमा चिस्यान केन्द्र निर्माणको लागि लागत अनुमान रु. १८२७२८९८ रहेकोमा पालिका आर्थिक वर्ष २०८०।८१ सम्म ३७.५ मेट्रिक टनको निर्माणको लागि रु. १०२९०००० भूक्तानी भई civil structure कार्य सम्पन भएको छ। आर्थिक वर्ष २०८०।८१ मा चिस्यान केन्द्रमा भण्डारणको लागि cooler Room मा electro mechanic को कार्य भएको छैन। भवन मात्र निर्माण भएको छ। यसको लागी आर्थिक वर्ष २०८१।०८२ मा पनि बजेटमा व्यवस्था भएको छैन। चिस्यान केन्द्रमा cooler Room तयार भएको छैन । साथै पालिकाले चिस्यान केन्द्रलाई हालसम्म प्रयोगमा नल्याएका कारण पालिकाको लगानी खेर जाने देखिन्छ। बजेट खर्च गर्दा तोकिएको उद्देश्य प्राप्त हुनेगरि गेर्नुपर्छ। पालिकाले उक्त चिस्यान केन्द्रको उपयोगिता हासिल हुने गरि समयमै सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्छ।

२८ बोयर बोका वितरण

पालिकाले ५ वटा कृषक फर्मलाई बयर बोका खरिद गरि वितरणका लागि रु २८९००० भूक्तानी दिएको छ। बोका खरिद गरि वितरण गर्दा उक्त वोकाहरुको बिमा गरेको प्रमाण पत्र, शुद्धता परीक्षण भएको भेटनरी अस्पतालबाट जारी भएको प्रमाण पत्र पेश नभएको साथै उक्त फर्मको बोकाको स्टक प्रमाणित विवरण पेश नगरी भुक्तानी दिएको छ। यसरी भुक्तानी गर्दा खरिद भएका बोकाहरु तोकिएको उन्नत जातका नहुन सक्ने, बोका अस्वस्थ भएमा त्यसले तोकिएको प्रतिफल दिन नसक्ने हुँदा पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा कानुनबमोजिम गर्नुपर्दछ।

२९ लेखापरीक्षण प्रतिवेदन

शिक्षा नियमावली, २०५९ को नियम १७१ मा सामुदायिक विद्यालयको लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षण गराउने व्यवस्था छ । शिक्षा युवा तथा खेलकुद विकास शाखा सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखियो । शिक्षा, विज्ञान, प्रविधि मन्त्रालयको कार्यक्रम कार्यन्वयन निर्देशिका २०८०।८१ मा प्रति विधार्थी अनुदान दिने व्यवस्था छ । उक्त माध्यमिक विद्यालयका लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको सर्शत र गाउँपालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम विद्यालयबाट असुल गर्नु पर्ने रु.

क्र.सं.	विद्यालयको नाम	विवरण	जम्मा निकासा	खर्च	फिर्ता गर्नु पर्ने रकम	बेरुजु रकम	फरक रु.
१	श्री जनप्रिय मा.वि. दादिङ्ग	पाठ्य पुस्तक	२१७४४३	१७५०३२	४२४११	०	४२४११
२	श्री हिमालय माधयमिक विद्यालय-१	इन्टरनेट विस्तार	१२०००	०	१२०००		
		पाठ्य पुस्तक	१०८३११	१०४९००	३४११		
	जम्मा				१५४११	०	१५४११
३	श्री कोट माध्यमिक विद्यालय-५ सिस्ने	तलब खर्च	१०६३९०७१	१०५१७५२७	१२१५४४	०	१२१५४४
		छात्रवृद्धि	५६०००	४४८००	११२००	०	११२००
		दिवा खाजा	२८२०१५	२१५०१०	६७००५	३६७५०	३०२५५
	जम्मा				**१९९७४९**	**३६७५०**	१६२९९९
४	श्री नवज्योती मा.वि. बल्लेचौर	तलब	३९८०९२२	३८१८०७२	१६२८५१	०	१६२८५१
५	श्री रुक्मिणी मा.वि.-५ सिस्ने	छात्रवृद्धि	४०४९६०	३९४५६०	१०४००		१०४००
		पुस्ताकलय	६४७९००	५०००००	१४७९००		१४७९००
	जम्मा						१५८३००
६	श्री जनता मा.वि. पोखरा	४ कोठे भवन	५११७०००	५०५२३०७	६४६९३		६४६९३
	कुल जम्मा				८७५६१९		६०६६६५

असुल गर्नुपर्ने	६,०६,६६५

३० फिर्ता रकम संघीय सञ्चितकोष फिर्ता

शिक्षा, विज्ञान, प्रविधि मन्त्रालयको कार्यक्रम कार्यन्वयन निर्देशिका २०८०।८१ मा प्रति विधार्थी अनुदान दिने व्यवस्था छ । गाउँपालिका विद्यालयलाई सशर्त अनुदान दिएकोमा बढी भएको रकम संघीय सञ्चित कोष फिर्ता नगरी गाउँपालिका चालु खर्च खातामा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

क्र.सं.	विद्यालयको नाम	विवरण	फरक
१	श्री सानीभेरी मा.वि. लम्पाकोट	छात्रवृद्धि	७६००
	श्री हिमालय मा.वि. नयागाड	छात्रवृद्धि	५२००
	श्री जनप्रिय मा.वि. दादिङ्ग	छात्रवृद्धि	१६००
	श्री त्रिभुवन माध्यमिक विद्यालय , छिप्रिदह	छात्रवृद्धि	३१६००
			४६०००

प्रमाण पेश नगरेको	४६,०००

३१ संघीय विशेष अनुदान

नेपाल सरकारवाट सशर्त विशेष अनुदान बापत शिक्षा क्षेत्रमा प्राप्त रु १ करोड लाई विनिन ३० वटा कार्यक्रममा टुक्रा पारी २८ वटा कार्यक्रम संचालन गरी रु ६९ लाख ५५ हजार खर्च गरेको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

विशेष अनुदान सम्वन्धि कार्यविधि २०८१ को बुदा नं ३(क) अनुसार शिक्षा क्षेत्रको शैक्षिक विकासको लागि सेवाको गुणस्तर बृद्धि गर्नको लागि बुदा नं ४(२) अनुसार स्थानीय तहले अन्य स्रोतवाट कार्यान्वियन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको माघ मसान्तभित्र सोझै योजना आयोगमा विशेष अनुदानमा कार्यान्वियन गरिने आयोजना वा कार्यक्रमको लागि त्यस्तो अनुदान माग गर्नुपर्ने व्यवस्था रहेको छ।साथै अनुसूचि १ अनुसार का विद्यालयको फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल वोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेराबार पर्खाल, जस्ता पूरक शैक्षिक पूर्वाधार साथै दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएको अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम संचालन गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले विशेष अनुदान शीर्षकबाट माथि विद्यालयको शैक्षिक विकासको लागि सेवाको गुणस्तर बृद्धिको लागि पूजिगत कार्यमा खर्च गर्नुपर्नेमा निम्नानुसारको चालु प्रकृतिको कार्यमा खर्च गरेको रकम संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

गो भौ नं र मिति	विवरण	भुक्तानी रकम
६८।०८१। ११।२१	विव्यस अध्यक्ष अभिभावक सँघ अध्यक्ष प्र अ र सहायक प्रअ हरुको लागि प्रविधिकरण र असल अभ्यास समबन्धि क्षमता विकास कार्यक्रम खर्च वापतको रकम भुक्तानि	१२३०००
१०६।०८२। १।२४	सिस्ने ३ को जनता मा वि पोखरा विद्यालयमा पिटि प्राथाना र उत्प्रेरणा कार्यक्रम सञ्चालन	२४८०००
१२०।०८२। २।१९	विद्यालयहरुका लागि लेखा व्यवस्थापन सम्बन्धि २ दिने तालिम सञ्चलान	२०००००
२१६।०८२। ३।१७	कम्प्युटर र IEMIS सम्बन्धी तालिम सञ्चालन	१५९०००
३१०।०८२। ३।२३	शिक्षक सेवा आयोग तथा अध्यापन अनुमति पत्र पुष्तक छपाई	२९००००
१४७।०८२। २।२८	प्राविधिक धारका शिक्षक कर्मचारीहरुको लागि क्षमता विकास तालिम	१०००००
२२२।०८२। ३।१७	अक्षर सुधार तालिम कार्यक्रम	४९९०००
१७९।०८२। ३।१६	विद्यालय भित्ते लेखन बापत बसन्त आर्टलाई रकम भुक्तानी	२९८०००
२४८।०८२। ३।१९	विद्यालय भित्ते लेखन बापत कमल आर्टलाई रकम भुक्तानी	१९९७७९
१५३।०८२। ३।९	आधारभुत विद्यालय सिस्नेपोखरि शिशु र कक्षा १ को वसाइ व्यवस्थापन	४०००००
२२०।०८२। ३।१७	शैक्षिक भ्रमण	२००५००
१०२, ३१७ र ३६०	विभिन्न भम्रण खर्च	१४९७००
१९१।०८२। ३।१६	गाउँ शिक्षा समितिको बैठक खर्च	८९०००
१०१।०८२। १।१५	शिक्षा शाखामा ल्यापटप खरिद वापतको खर्च रकम भुक्तानि	२४९०००
जम्मा		३२०४९७९
	असुल गर्नुपर्ने	३२,०४,९७९

३२ शिक्षक अनुदान

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को बुदा नं ४.१ अनुसार ना स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु, राहत शिक्षकहरु प्रारम्भिक बाल विकासका शिक्षकहरु विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै सशर्त अनुदानको रुपमा उपलव्ध गराउने व्यवस्था रहेको छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तिको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ ।

त्यस्तै उक्त नियमको नियम ९८(१) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरवन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्न नहुने व्यवस्था रहेको छ। गाउँगाउँपालिकाले यस वर्ष ४० विद्यालय मध्ये ७ वटा विद्यालयलाई मा वि दरवन्दी बापत वार्षिक रु ४५००१६८, १३ विद्यालयलाई निमावी अनुदान बापत रु रु ८१६१३२०, १८ विद्यालयलाई अनुदान बापत रु ६०१२७७२, १५ विद्यालयलाई बालविकास अनुदान बापत रु ३२७४८०० र ३ विद्यालयलाई कार्यालय सहयोगी अनुदान बापत रु ४२००० गरी कुल रु २२३६९०६० वित्तीय समानिकरण अनुदानबाट तलव भत्ता भुक्तानी गरेको देखिएकोले गाउँपालिकाले शिक्षकको दरवन्दी मिलान गरी दरवन्दी स्वीकृत गरेरमात्र तलव भत्ता निकासा दिई गाउँपालिकालाई वित्तीय भार कम गर्नुपर्दछ।

शीर्षक	**विद्यालय संख्या**	**कुल जम्मा निकासा**
गापा अनुदान मावि	७	४५००१६८
गापा अनुदान निमा वि	१३	८१६१३२०
गापा अनुदानप्रावि	१८	६०१२७७२
गा पा अनुदानवालविकास	१५	३२७४८००
गा पा अनुदानकार्यालय सहयोगी	३	४२००००
जम्मा		२२३६९०६०

३३ **आधारभुत विद्यालय नाथिगाड घेरावार** (१५५/२०८२-०३-०९-):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य विल बीजकको भुक्तानी गर्दा करार शर्त अनुसार प्राविधिक नाप जाँच गरी नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आधारभूत विद्यालय नाथिगाड घेराबार कार्य गर्नको लागि रु. ४९६१९७.३३ को लागत अनुमान तयार आ वि नाथिगाड उ स लाई कार्यादेश दिएकोमा रु ४९७००० को कार्यसम्पन्न गरेको भनी लागत साझेदारीको अंश कट्टा गरी रु. ४००००० भुक्तानी गरेको देखियो । पालिकाले उल्लेखित कामको लागि एक्साभेसन २४ वटा पोलको लागि गरेको साथै पेश गरेको विमा ३५ पिस खरिद गरेको जनाएकोमा सो भन्दा बढी भुक्तानी भएको निम्नानुसाको आइटमको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

आईटम	**भुक्तानी हुनुपर्ने परिमाण**	**भुक्तानी भएको परिमाण**	**दर**	**बढी भुक्तानी**
पि सि सि एम १०(२४*०.३*०.३*०.५	१.०८	१.७५५	११०२०	७४३८
स्टोन सोलिङ्ग (२४*०.३*०.३*०.१५)	०.३२४	०.५१३	३३५४	६३३
पि सि सि वाइरको बेसमा(२४*०.१५*०.१५*०.१५)	०.०८१	०.१२८	११०२०	५२०
पाइपको गाड्नको खाल्डो खन्ने कार्य	२४ वटापाइप २४*२.३ = ५२ घन मिटर	३९*२.३= ९० घनमिटर	३७५	१४४७०
जम्मा				**२३०६१**

असुल गर्नुपर्ने	२३,०६१

३४ **कार्यस्थलमा सुरक्षा सामाग्री खरिद** (१०३/२०८२-०१-१६-):

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्षश्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिम स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना सञ्चालन गर्नुपर्ने भनी पत्राचार गरेको छ। पालिकाले पत्राचार विपरित कार्यस्थल सुरक्षा सामाग्री ४० जोर खरिद बापत

FISHTAIL GEO SURVEY PVT.LTD लाई रु.१४०५७२ र सेफ्टी सुज ५ जोर आपूर्ति गरेको भनी SUVAKAMANA SUPPLIERS लाई ४२३७५ गरी रु. १८२८०० भुक्तानी भएको छ। पालिकाले आफुले साझेदारी गरी खर्च लेख्नुपर्ने कामको लागि संघबाट खर्च लेख्ने आधार पेश गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,८२,९४७

३५ **सफ्टवेयर खरिद र परिचालन -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न देहायका सफ्टवेयरमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनुसार रु. २५६३९५० खर्च गरेको देखियो।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

611323100004 – सफ्टवेयर		
विवरण	परिमाण	रकम
Digital Village profile	१	१६९००००
Nova Star /TB2/processor /could/control	१	५०८५०
एकीकृतराजस्व संकलन	१	४९७२००
कृषकसमूह दर्ता सफ्टवेयर	१	९९९००
जिन्सीसफ्टवेयर	१	२२६०००
जम्मा	५	२५६३९५०

३६ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ७७ मा हिमाली क्षेत्रको सामुदायिक विद्यालयमा सामान्यतया प्रत्येक कक्षामा ४० जना विद्यार्थि हुनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात ३० भन्दा कम देखिन्छ।त्यसकारण गाउँपालिकाले विद्यालय आपसमा गाभेर गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

क्र स	विद्यालयको नाम	शिक्षक सङ्ख्या	विधार्थी सङ्ख्या	शिक्षक विधार्थी अनुपात
१	आधारभूत विद्यालय ओख्रेना	५	९६	१९
२	आधारभूत विद्यालय चुत्राबोट	३	२४	८
३	आधारभूत विद्यालय ढकालवारा	३	३१	१०
४	आधारभूत विद्यालय नयाँढाँका	९	१२३	१४
५	आधारभूत विद्यालय नाथिगार	५	४५	९
६	आधारभूत विद्यालय भूरुङ्गा	९	१०९	१२
७	आधारभूत विद्यालय रातामाटा	३	२१	७
८	आधारभूत विद्यालय लाम्पाखा	३	८४	२८
९	आधारभूत विद्यालय सिस्नेपोखरी	५	१३०	२६
१०	आधारभूत विद्यालय सुद्री	५	८५	१७
११	आधारभूत विद्यालय स्यालापाखा	९	१७३	१९
१२	कोट माध्यमिक विद्यालय रुमालवारा	१८	१९०	११
१३	जनचेतना आधारभूत विद्यालय चिसापानी	४	६८	१७
१४	जनज्योति आधारभूत विद्यालय टाकुरा	३	४२	१४
१५	जनता आधारभूत विद्यालय खोपीचार	९	७३	८
१६	जनता माध्यमिक विद्यालय पोखरा	१८	६९०	३८
१७	जनप्रिय माध्यमिक विद्यालय दादिङ	१५	२७५	१८
१८	जनसहयोय आधारभूत विद्यालय अमलाचौर	५	५०	१०
१९	जनसेवा आधारभूत विद्यालय सानचौर	९	१४४	१६
२०	त्रिभुवन जनता माध्यमिक विद्यालय छिप्रिदह	२३	७९८	३५
२१	नवज्योति आधारभूत विद्यालय खरीबोट	९	११०	१२
२२	नवज्योति माध्यमिक विद्यालय बल्लेचौर	१०	२०५	२१
२३	प्रगति आधारभू विद्यालय काङा	५	१०९	२२
२४	बालकल्याण आधारभूत विद्यालय झिमखोला	६	५८	१०
२५	बालचेतना आधारभूत विद्यालय	४	४०	१०
२६	बालविकास आवि छिपखोला	५	४१	८
२७	बालविकास केन्द्र पाखागाउ	२	११	६
२८	बालविकास केन्द्र लैफा	१	९	९
२९	माध्यमिक विद्यालय लम्पाकोट	१०	१९७	२०
३०	रुक्मिणी माध्यमिक विद्यालय रुकुमकोट	३५	१०७३	३१

३१	शिवशक्ति आवि तल्लो ह्याप्ला	५	४७	९
३२	सहिद स्मृति आवि	३	२१	७
३३	सिर्जनशिल आवि झाक्रीपोले	५	५५	११
३४	सिर्जना आवि उखुवारी	७	६९	१०
३५	सिस्ने आवि रतुवामारे	३	२८	९
३६	सौजन्य आ वि पाङ्गा	९	२२१	२५
३७	हिमालय आ वि ओखरबोट	५	२८	६
३८	हिमालय आधारभूत विद्यालय किदा	५	३३	७
३९	हिमालय माध्यमिक विद्यालय नायगाड	१३	२७०	२१
४०	हिमालय माध्यमिक विद्यालय पाखापानी	११	२१५	२०
	औसत			१५

३७ **निजि विद्यालय नियमन**

३७.१ शिक्षा नियमावली, २०५९ को नियम २६ मा प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक प्रगति सार्वजनिक गर्ने, उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी पेस गर्ने, तथ्यांक अद्यावधिक गर्ने लगायत संस्थागत विद्यालयको व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार तोकेको छ । यस गाउँपालिका अन्तर्गत सञ्चालित ३ संस्थागत विद्यालयको अनुमति, कक्षा थपको विवरण परीक्षण गर्दा भौतिक पूर्वाधार भवनको सम्झौता गरेकोमा घर भाडा कर र सम्पत्ति कर नबुझाएको, प्रत्येक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्र पेस नगरेको, कमलदह अङ्गेजी विद्यालय(३०५६२७२०६) वित्तीय विवरणमा रु.१०५०००।- छात्रवृद्धि वितरण भनी खर्च दाबी गरेकोमा सोको विवरण गाउँपालिकामा पेस नगरेको, हिमशिखा बोडिङ्ग स्कुलले २०७२।७३ बाट लेखापरीक्षण गरेको देखिएन । यस सम्बन्धमा कानुन अनुसार करको दायरामा ल्याई नियमन प्रभावकारी बनाउनु पर्दछ।

क्र.सं.	विद्यालयको नाम	सञ्चालन
१	कमलदह अङ्गेजी विद्यालय	कक्षा-८
२	सानीभेरी एकडेमी	कक्षा-५
३	हिमशिखा बोडिङ्ग स्कुल	कक्षा-१०

३७.२ सिस्ने गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ३ मा १० प्रतिशत घरभाडा कर लगाउने व्यवस्था छ । गाउँपालिका क्षेत्रमा सञ्चालित निजी विद्यालय सानीभेरी एकेडेमी(३०३४७७९२५९) को आर्थिक वर्ष २०८०।८१ वित्तीय विवरणमा को वित्तीय विवरणमा घरभाडा कर तिर्न बाँकी रु.१४४००।– दायित्व देखाएकोले उक्त रकम लेखापरीक्षण अवधिसम्म स्थानीय सञ्चित कोष दाखिला नभएकोले असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१४,४००

३८ **नमूना विद्यालय अनुदान**

३८.१

नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७५ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०८०/०५/०५ गते (माननीय मन्त्रीस्तरबाट स्वीकृत) स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०/८१ कप ९.८ मा यस निर्देशिकाको अनुसूची १० भएका विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा तत्कालीन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने । यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी को शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा विद्यालयमा ५०० भन्दा कम विद्यार्थी भए प्रति विद्यालय ३० लाख, ५०१ देखि १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख र १००० भन्दा वढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने। उक्त रकम विद्यालयको गुरुयोजनाअनुसार खर्च गर्ने। विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने व्यवस्था छ। यस पालिका अन्तर्गत श्री रुक्मिणी मा.वि.-५ सिस्नेलाई रु.४४१६३००।– नमुना विद्यालय अनुदान उपलब्ध गराएको देखियो । नमूना विद्यालयको कार्ययोजना अनुसार यस वर्ष यस अनुदानमा देहायका शीर्षकमा खर्च गर्ने योजनामा उल्लेख गरेकोमा योजना भन्दा न्युन खर्च गरेको देखियो । उक्त लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको नमूना अनुदान सर्शत र सालबसाली रुपमा खर्च गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम रु.३८१३३८।– विद्यालयबाट असुल गर्नु पर्ने रु.

विवरण	एकाई	बजेट	खर्च	फरक रकम
कम्प्युटर शिक्षकको व्यवस्थापन	१	५९१९५७	५९०५८०	१३७७
स्मार्ट बोर्ड खरिद	५	१००००००	९८६४९०	१३५१०
स्टाफ कक्ष व्यवस्थापन	१	४५००००	४४९७४०	२६०
जेहेन्दार तथा उत्कृष्ट विधार्थीलाई पोसाक वितरण	१००	१०००००	८२५७०	१७४३०
साउण्ड सिस्टम	१	२३००००	१२९९९९	१००००१
भर्ना अभियान	१	१०००००	४०४७०	५९५३०
गणित ल्याव व्यवस्थापन	१	२०००००	१०७७०	१८९२३०
जम्मा				३८१३३८

असुल गर्नुपर्ने	३,८१,३३८

३८.२ **घरभाडा कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२९** को निर्णयले रू **२८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **रोजगारी सिर्जना कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम गाउँपालिका अन्तर्गत ८ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष १२७० महिला र ५९९ पुरुष गरी १८६९ जना सूचीकृत भएकोमा

महिला ४३ र पुरुष ३६ गरी जम्मा ७९ जनालाई औसत ९४.९३ रोजगारी दिन रोजगारी उपलव्ध गराई रु. ३६ लाख ८० हजार श्रमिक ज्याला खर्च गरेको छ । गाउँपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

गाउँपालिकाको लागत साझेदारी- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिम स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना सञ्चालन गर्न सकिने व्यवस्था छ ।गाउँपालिकाले रोजगारी सिर्जना कार्यक्रमको लागि निम्नानुसारको कार्यक्रमको लागि अदक्ष कामदार बाहेकको अन्य आइटकको रकम गाउँपालिकाबाट खर्च लेख्नु पर्नेमा संघीय सशर्तबाट खर्च लेखेकोले उक्त नपाउने रकम संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

गो भौ नं र मिति	योजनाको नाम	भुक्तानी भएको आइटम र परिमाण	औजार बाहेक को भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढी भुक्तानी
२६८।०८२।३।२०	टोप्ची सान्चौर हुदै माधारा जाने सडक	एक्साभेसन १८६	४६७	४८२	२६७८
		सुख्खा गारो लगाउने कार्य १३	२३००	४०००	२२१००
		प्याकिम तथा फिलिङ्ग ग्याविन वक्स १८ घ मी			
२५६।०८२।३।१९	श्रृजनशील आ वि मा बाल निर्माण	एक्साभेसन ७८ घ मी	५३४	५५०	१२४८
		सुख्खा गारो लगाउने कार्य १३	२३००	४५२३	२८८९९
३४७।०८२।३।२५	घाटी पांगा देखि भैसि थुने सम्म	एक्साभेसन ७८	५३४	५५०	१२४८
३१९।०८२।३।२३	चिसापानी देखि छरीखोलासम्म सडक निर्माण	एक्साभेसन १२२	४६७	४८२	१६८०
		पि सि सि वर्क ३४ घ मी	२६७२	५०२१	७९८६६
२९६।०८२।३।२२		एक्साभेसन ३१ घ मी	४६७	४८२	४६५
जम्मा		पि सि सि वर्क ७ घ मी	२६७२	५०२१	१६४४३
				प्रमाण पेश नगरेको	१६,४४३

४० **विद्यालयमा अक्षर सुधार कार्यक्रम**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कूनै पनि १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ पालिकाले संघीय सशर्त बजेट अन्तर्गत विशेष कार्यक्रम अन्तर्गत विद्यालयमा अक्षर सुधार कार्यक्रम अन्तर्गत ४ वटा माध्यामिक विद्यालयमा मिति २०८२।३।५ देखि ३।११ सम्म कार्यक्रम संचालन गरे बापत डिभाइन इन्स्टिच्यूट लाई

बरु ४९९००० भुक्तानी दिएको देखियो । पालिकाले लागत अनुमान तथा कार्यक्षेत्रगत प्रतिवेदन (TOR) तयार नगरी खरिद गरेको देखियो । पालिकाले सुचिकृत परामर्शदाताबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी सारभुत रुपमा प्रभावग्राही सेवा प्रदायकबाट मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ।

४१ **सामाजिक सुरक्षा (स्थानीय तह)**

४१.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ वमोजिम लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरि लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको प्रत्येक त्रैमासिक अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन ।जसले गर्दा निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो ।लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

४१.२

दोहोरो सुविधा - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०८२ को दफा १० बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण वा अवकाश सुविधा पाइरहेसम्म व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ । जिल्ला हुलाक कार्यालयमा कार्यरत रहि यस आ.बमा अनिवार्य अवकाश प्राप्त गरि सुविधा प्राप्त गरेका देहायका कर्मचारीले अवकाश प्राप्त गर्नु भन्दा अगावै आर्थिक वर्ष २०८१-८२ मा सामाजिक सुरक्षा भत्ता समेत बुझेको देखिएकोले असुल गर्नुपर्ने रु

नाम र पद	ठेगाना	सामाजिक सुरक्षा वापत बुझेको रकम रु	नागरिक्ता न.
पिर्थि बहादुर कामी, (अतिरिक्त हुलाकका कर्मचारी) (अतिरिक्त हुलाक कार्यालय सिस्ने)	सिस्ने गा.पा-२	४८०००	४९३३/५५९

असुल गर्नुपर्ने	४८,०००

४२ **५ शैया अस्पताल निर्माण**

गाउँपालिकाले ५ शैया अस्पताल निर्माण कार्यको लागि (Construction of 5 bed primary hospital NCB/SRM/W/05/077.78 लागि कुँवर डेभलपर्स एण्ड विल्डर्स प्रा.लि.(६०४२२५६२१) रगाउँपालिकाबिच मिति २०७८।९।९ मा रु.५२२१९७१४।-मा २०८०।९।८ सम्पन्न हुने गरी सम्झौता भएकोमा यस वर्षसम्म देहाय अनुसार भुक्तानी भएकोमा देखिएका व्यहोरा देखिएका निम्नानुसार रहेका छन् -

गो.भौ.नं. र मिति	रनिङ्ग बिल	भुक्तानी रकम	जम्मा मू.कर बाहेक
२।२०८१।३।११	प्रथम	१३०१९०००	११२१५०३९
७।२०८१।३।२७	दोस्रो रनिङ्ग बिल	७७२८०००	६८३९१६०
२।२०८२।१।३	तेस्रो	९११६५००	१०२८०१७२.८१
६।२०८२।२।५	चौथो	३५७१०००	४२६६९०३.३०
१३।२०८२।३।२५	पाँचौँ	१७०८८०००	१२०५०१३५.८०

४२.१ **एज बिल्ट ड्रइङ्ग** - पाँच शैयाको चुनवाङ अस्पताल निर्माणका लागि निर्माण व्यवसायी प्रकृति-रिभिट रोल्पा जे.भि.र गाउँपालिकाबिच भएको सम्झौताको सामान्य तथा विशेष शर्त ७१.२ मा एज बिल्ट ड्रइङ्ग simultaneously with handover of the project भनी

उल्लेख छ । गाउँपालिकाले यस पाँचौ रनिङ्ग बिल भुक्तानी गर्दा पि.एस आइटममा एज बिल्ट ड्रइङ्ग बापत रु.४० हजार भुक्तानी गरेको छ। लेखापरीक्षणको क्रममा उक्त एज विल्ट ड्रइङ माग गर्दा पेश नभएकोले सम्झौता अनुसार रिटेन्सनमनीबाट कट्टा गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	४०,०००

४२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले गाउँपालिकाले पाँचौ रनिङ्ग बिलसम्म नापी अनुसार गणना गर्दा मूल्य अभिवृद्धि कर बाहेक रु. ४४६५१४११।– भुक्तानी गर्नु पर्नेमा निर्माण व्यवसायीलाई रु.४५००४५०६।– भुक्तानी दिएको देखियो ।अतः बढी भुक्तानी दिएको मूल्य समायोजन सहित रु. ४१७९७३।– असुल गर्नु पर्ने रु.

विवरण	रकम
प्रथम	११२१५०३९
दोस्रो	६८३९१६०
तेस्रो	१०२८०१७३
चौथो	४२६६९०३
पाँचौ	१२०५०१३६
जम्मा	४४६५१४११
दिएको	४५००४५०६
बढी भुक्तानी मूल्य समायोजन समेत	४१७९७३

असुल गर्नुपर्ने	४,१७,९७३

४२.३ **बढी भुक्तानी-** खरिद नियमावली, २०६४ को नियम १२३(१ ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने गाउँपालिका र निर्माण व्यवसायीबिच भएको सम्झौता अनुसार ५ शैया भवनको मूख्य भवनको फुटिङ्ग F1 (1.8*1.8) ,F2(2*2), F3((2.2*2.2), F4(2.4*2.4),F5 (3*3) ,F6(3.2*3.2) डिजाइन सहितको नक्सा स्वीकृत गरी ठेक्का सम्झौता गरेकोमा उक्त कामको नापी किताबमा देहाय अनुसार नापी फरक गरी बढी भुक्तानी गरेको देखियो । अतः खन्ने, सोलिङ्ग,पि.सि.सि, पि.सि.सि फर आर.सि.सि. तथा फर्म वर्क कार्यमा बढी परिमाण नापी गरी भुक्तानी भएको रु. २२५६७१असुल गर्नु पर्ने रु.

वि.ओ.क्यु्क्र.सं.	कामकोविवरण	एकाई	दिएकोपरिमाण	दिनुपर्ने	फरक	एकाईदर	रकम
२	Earth work	घनमिटर	८५७	७५५	१०२	१५०	१५२६९
६	PCC M10	घनमिटर	६५	६०	५	९०००	४८८७०
८	PCC for RCC M20	घनमिटर	३४४	३३७	७	१४०००	९८८४०
९	Form work	वर्ग मिटर	६००	५९२	८	८००	६३०४
१६	soiling work	घन मिटर	१७१	१६४	७	३०००	२१३६०
	जम्मा				०		१९०६४३
	मूल्यसमायोजन समेत रु.						२२५६७१

Main Building							
For Column							
F1		7	2.20	2.20	0.08	2.71	
F2		6	2.40	2.40	0.08	2.76	
F3		3	2.60	2.60	0.08	1.62	
F4		1	2.80	2.80	0.08	0.63	
F5		1	3.20	3.20	0.08	0.82	
F6		1	6.60	6.60	0.08	3.48	
CF1		3	3.20	2.60	0.08	2.00	

असुल गर्नुपर्ने	२,२५,६७१

४३ **वडा नं. ३ कार्यालय भवन तला थप मर्मत** (७/२०८२-०३-२०-):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले **वडा नं. ३ कार्यालय भवन तला थप मर्मतको कामको लागि** गाउँपालिका र के.वि. के.सी. कन्स्ट्क्सन प्रा.लि.(६०६८०९२४५) बिच रु.७६५४०२।– सम्झौता भई भुक्तानी भएको देखियो ।उक्त निर्माण कार्यमा नापी किताबमा Brick masonry work 1:4) मा वालको लम्बाई ७५.३५ मिटरको गारोको चौडाई ०.११५ मिटर (नेपाल गुणस्तर मापदण्ड) हुनु पर्नेमा ०.१२ मिटर राखी भुक्तानी गरेको तथा कोलम र Brick masonry work उचाई उहीँ रहेको अवस्थामा सिल र लिन्टेल १.५३ घन मिटर नघटाई नापी गरेको देखियो । बढी परिमाण ७५.३५*०.००५*२.४५=०.९२ र सिल र लिन्टेल १.५३ घन मिटर नघटाएको समेत २.४५ घनमिटरको रु.७०००।- का दरले रु.१७१७१.२६ बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१७,१७१.२६

४४ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष १४ कार्यमा र यो वर्ष ३ समेत १७ वटा विस्तृत परियोजना प्रतिवेदनमा रु.११९१४३१४।- खर्च गरेको छ। यसरी विस्तृत परियोजनामा खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

४५ **घाउने अमलाचौर तितेखोला सडक निर्माण**

पालिकाले घाउने अमलाचौर तितेखोला सडक निर्माणको लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत को लागि रु. १ करोड ८४ लाख को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.१ करोड १ लाख ६४ हजार कवोल गर्ने ग्यालेक्सी बिजनेश हाउस एण्ड कन्ट्रक्सनलाई मिति २०८२।३।१६ मा निर्माण सम्पन्न गर्नेगरी मिति २०८२।१।१५ मा सम्झौता गरी कार्यादेश दिएकोमा हालसम्म रु. ७४ लाख ९९ हजार को कार्यसम्पन्न भएको आधारमा ८० प्रतिशत रकम बापत रु. ५९९९५०० भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

४५.१ **बिमा**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **५६,७६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५.२ **कार्य अधुरो:-** निर्माण कार्यको अवधि समाप्त भइसकेको तथा निर्माण कार्यको ७० प्रतिशत मात्र भौतिक प्रगति देखिएको साथै पालिकाले पटक पटक ताकेता गर्दा पनि कार्य नगरेको देखिएकोले पालिकाले अर्ध निर्मित कार्य झन बिग्रन सक्ने भएको हुदा पालिकाले नियमानुसार निर्माण कार्य पुरा गर्न पहल गर्नुपर्दछ।

४५.३ **ल्याव टेष्ट**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **स्यालापाखा भवन निर्माण** (६१/२०८२-०३-२४(संघीय सशर्त पुजिँगत)-):

बढी भुक्तानी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायलेरनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।।पालिकाले आधारभूत विद्यालय स्यालापाखा भवन निर्माणको लागि पाण्डेनिर्माण सेवा एण्ड सप्लायर्स(६१२७५२७३९) सँग सम्झौता भई निर्माण कार्य गरे बापत भुक्तानी गर्दा देहाय अनुसार बढी नापी गरी भुक्तानी गरेको उक्त बढी रकम रु.२५८७६।- असुल गरी गर्नु पर्ने रु.

विवरण	**फरक**	**दर**	**जम्मा**	**कैफियत**
providing and laying of stone masonry work	०.६३	१००००	६३००	pen house मा ढोका नघटाएको
short wall	१०.१७	५००	५०८५	प्लाष्टरमाबिमको भाग नघटाएको
long wall	१२.६०	५००	६३००	प्लाष्टरमाबिमको भाग नघटाएको
providing and laying steel	५८.५१	१४०	८१९१	stair caseको फलाममा नघटाएको
जम्मा			२५८७६	

असुल गर्नुपर्ने	२५,८७६

४७ **सौजन्य आधारभूत विद्यालय भवन निर्माण** (६१/२०८२-०३-२५ (संघीय सशर्त पुर्जिगत)-):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिबाट अनुमोदन गराई पेस गर्नु पर्ने व्यवस्था छ।पालिकाले श्रीसौजन्य आधारभूत विद्यालय भवन निर्माणको लागि न्यू चाँदनी कन्स्ट्क्सन(६०९००७४८२)सँग सम्झौता भई निर्माण कार्य गरे बापत भुक्तानी गर्दा देहाय अनुसार बढी नापी गरी भुक्तानी गरेको उक्त बढी रकम रु.२८०८२।- असुल गर्नु पर्ने रु

विवरण	परिमाण	दर	रकम	कैफियत
providing and laying of stone masonary work	१.९२	११०००	२१२१०	sill band को आर सि.सि परिमाण long wall को उचाई नघटाएको
providing mixing laying and finishing of 12.5 mm thick cemeut	१९.८९	३५०	६९६२	प्लाष्टरमाबिमको भाग नघटाएको
जम्मा			२८०८२	

असुल गर्नुपर्ने	३३,३६२

४८ **प्रतिवेदन भन्दा फरक काम** (२६३/२०८२-०३-२४-2082-03-24):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिबाट अनुमोदन गराई पेस गर्नु पर्ने व्यवस्था छ। सिस्ने हिमाल पर्यटन पदमार्गका लागि विस्तृत परियोजना प्रतिवेदनको लागि गाउँपालिका र इभरीन कन्सल्ट प्रा.लि.(६०९५८०५१२) लाई २०८१।१२।१४ मा सम्झौता भई रु. ९७००००।– भुक्तानी गरेको देखियो । सिल्ले पदमार्ग निर्माणको लागि गाउँपालिका र उपभोक्ता समितिबिच मिति २०८१।१२।२०-२०८२।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ । विस्तृत परियोजना प्रतिवेदन अनुसार यस वर्ष लागत अनुमान तयार नगरेको प्रतिवेदन पेस अगाडी नै सम्झौता गरेको, असान्दर्भिक हिमालमा Brick work को दर विश्लेषण गरी तयार गरेको यस वर्षको जिल्ला दर नराखी २०८०।८१ को विश्लेषण गरेको, स्थानीय अवस्था अनुसार सोही ठाउँको स्थानीय सामग्री र संस्कृति अनुसार निर्माण सामग्रीको उपयोग गर्नु पर्नेमा सिमेन्ट तथा इटाँको परिमाण राखी विस्तृत परियोजना प्रतिवेदन तयार गरेको देखियो । यस गाउँपालिकाले सिल्ले पदमार्ग निर्माण उपभोक्ता समितिलाई Random Rubble Dry stone Masonry Wall र खन्ने कार्यमा भुक्तानी गरेकोमा सोको परिमाण र आइटम विस्तृत परियोजना प्रतिवेदनको लागत अनुमानसँग नमिलेकोले यस प्रतिवेदन तयार गर्नुको औचित्य नदेखिएकोले पालिकालाई थप व्ययभार परेको रु.

अनियमित भएको	९,७०,०००

४९ **वातावरणीय परीक्षण प्रतिवेदन** (६/२०८१-०७-०५-):

गाउँपालिका र शुभ बिहानी इञ्जिनियिरिङ्ग कन्सल्टेन्सी (१२७६२२१७४) बिच मितिमा सिस्ने गाउँपालिका अन्तर्गत सानभेरी नदि घाटबाट नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी) उत्खनन् तथा संकलन लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न मिति २०८१।४।२० मा रु. ४८९७४२।– मा मिति २.५ महिना भित्र सम्पन्न गरी सम्झौता भएकोमा रु.४८९०००।– भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । गाउँपालिकामा पेस गरेको आर्थिक तथा प्राविधिक प्रस्तावमा ५ जना जनशक्ति(वातारणविज्ञ टोली प्रमुख, जिओलोजिष्ट, सिभिल इञ्जिनियर, जिवशास्त्री र समाजशास्त्री उल्लेख गरेकोमा प्रतिवेदन पेस गर्दा ४ जना सन्तोष के.सी. वातावरण विज्ञ, टोली प्रमुख ,शंकर रिजाल जिवशास्त्री, दिपक कुमार बस्नेत समाजशास्त्री, रोशन बस्नेत इञ्जिनियर, ४ जना मात्र उल्लेख छ । सम्झौता अनुसार जिओलोजिष्ट ९*४४००का दरले रु. ३९६००।– काम गरेको नदेखिएकोले असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	३९,६००

५० **पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण कार्यक्रम**

पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण कार्यक्रम अन्तर्गत तीनवटा कार्यक्रम(देवरकाजी मन्दिर निर्माण संरक्षण, छिप्रदह ताल संरक्षण र बोक्से झार संरक्षण) को लागि बोलपत्र मार्फत टिनिसा निर्माण सेवा प्रा.लि.(६०९७७९२८४)सँग मिति २०८२।२।१९मा रु.५६४४६४३।– मा २०८२।३।२० मा सम्पन्न हुने सम्झौता भई रू.५१४७८८०।– भुक्तानी भएकोमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

५०.१ संस्कृति पर्यटन विभागको च.नं. ९५ मिति २०८१।९।१६को अख्तियारी सहित आएको निर्देशनमा पर्यटन पूर्वधार विकास आयोजना बजेट ३२५०११०६ खर्च शिर्षक ३१९५९ अन्तर्गतका कार्यक्रम संचालन गर्ने स्थानिय तहले पालना गर्नुपर्ने शर्त नं. १ पर्यटन पूर्वधार विकास आयोजना बजेट उपशिर्षक १३२५०११०६ खर्च शिर्षक ३११५९ अन्तर्गतका स्वीकृत कार्यक्रमहरु/अख्तियारी प्राप्त क्रियाकलापको लागि मात्र नटुक्राई खर्च गर्नु हुन उल्लेख छ । गाउँपालिकाले प्राप्त रुकुमकोट ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण बजेटलाई तीनवटा कार्यक्रम(देवरकाजी मन्दिर निर्माण संरक्षण, छिप्रदह ताल संरक्षण र बोक्से झार संरक्षण) गरी तीनवटा प्याकेज बनाई ठेक्का लगाई निर्माण काम गराएको देखियो । ठेक्का लगाएकोकाम मध्ये देवरकाजी मन्दिर निर्माण संरक्षणको एउटै काममा गाउँपालिका पुजिँगत शिर्षकबाट योग भवन, पर्यटन कार्यालयबाट मन्दिरको गारो तथा यस कार्यक्रमबाट सिंढी र रिटेन्सन वालको काम गराई तल उल्लेख गरे अनुसार अपुरो संरचना निर्माण गरेको कार्यक्रम दोहोरो भएकोले खर्च सम्बन्धमा यकिन हुन सकिएन । त्यस्तै छिप्रदह ताल संरक्षण रिटेन्सन वाल लगाएको अन्य कार्य गत विगत देखि अधुरो रहेको देखियो । बोक्से झार संरक्षणमा सिंढी र तारजाली लगाएको पाइयो । प्रत्येक योजनाको अवस्था अधुरो रहेकोले खर्चको औचित्यता देखिएन । पालिकाले पूूरण कार्यानवयन हुने गरी बजेट व्यवस्था गरी निर्मित संरचनाको उपयोग हुने गरी खर्च गर्नुपर्दछ ।

५०.२ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले नापी किताब घटाउनु पर्ने आइटमलाई समेत जोडेको , एकै कामको दोहोरो नापी गरेको देखियो । अतः नापी किताबमा गरी बढी भुक्तानी गरेको रु. १५२७५२।- असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

देवर काजी मन्दिर संरक्षण					
PCC work in floor M15	संख्या	परिमाण	दर	जम्मा	कैफियत
mandir area	४	०.३३	११०००	३६५८	उचाई फिल्डमा ०.०७५ उचाई
	४	०.३५	११०००	३८७२	
	४	०.२८	११०००	३०८०	
	४	०.२६	११०००	२८११	
	४	०.२६	११०००	२९०४	
छिप्रिदह ताल संरक्षण				०	
deduction for post footing		०.४५	८८००	३९६०	
By manual earth work excavation				०	
boundary wall	१	२९.४०	४५०	१३२३०	घटाउनु पर्ने आइटम नघटाएको
deduction for post footing	१०	७.७०	४५०	३४६५	
earth work filling		१४.८४	१७५	२५९७	
soiling deduction for footing	१०	०.९९	२७००	२६७३	
pcc for RCC RCC band for boundary Wall	१	३.३८	११०००	३७१२५	
form work	१०	६.४४	४००	२५७६	
stone rubble masonary work 1:4)	१०	३.६५	९०००	३२८०५	
बोक्से जार संरक्षण				०	
earthwork excavation	१	२.७७	४५०	१२४८	बढी लम्बाई राखी भुक्तानी
stone soiling	१	१.३९	२५००	३४६७	
PCC work in floor M15	१	०.९२	११०००	१०१७०	
flag stone	१	९.२५	२५००	२३११३	
जम्मा				१५२७५२	

असुल गर्नुपर्ने	१,५२,७५२

५१ **सिल्ले पदमार्ग निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालनन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । संस्कृति पर्यटन विभागको च.नं. ९५ मिति २०८१।९।१६ बाट सिस्ने गाउँपाललिकामा देहायका ३ वटा योजना अख्तियारी हस्तान्तरण गरेको देखियो ।

क्र.सं.	कार्यक्रम	बजेट	खर्च
१	गुरिल्ला पूर्वाधार विकास आयोजना	७५ लाख	५७०२५००
२	सिल्ले पदमार्ग	५० लाख	४९७००००
३	रुकुमकोट ऐतिहासिक एवं पुराततात्विक सम्पदाको संरक्षण	१ करोड	५४३०८६९

पर्यटन विभागबाट अनुदान सिल्ले पदमार्ग निर्माण मिति २०८१।१२।२० देखि २०८२।३।१५मा सम्पन्न गर्ने गरी रु.४९७००००।– रकम भुक्तानी सिल्ले पदमार्ग निर्माण उपभोक्ता समितिलाई भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

५१.१ **रोयल्टी** - सिस्ने गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ४ को अनुसूची-४ को क्र.सं. ६ मा ढुंगा तथा गिट्टी बालुवा बिक्री प्रति क्यूव फिट रु.८।- कर लाग्ने व्यवस्था छ। सम्झौताको वि.ओ. क्यू. देहायको आइटममा २७९.४९ घन मिटरको प्रति घन मिटर रु.२८२।– का दरले रु.७८८१६।– र १३ प्रतिशत मूल्यअभिवृद्धि कर सहित असुल गर्नु पर्ने रु.

क्र.सं.	**विवरण**	**परिमाण**	**ढुंगा परिमाण**
१	**Retaining structure**	**14.52**	**15.92**
२	**Stone soiling breast structure**	**19.44**	**21.38**
3	**Rubble stone masanory**	**14.49**	**14.49**
	Gabin structure	**207**	**227.7**
			279.49
प्रति घन मिटर (रु.)			**२८२**
जम्मा			**७८८१६**
मू.कर समेत			**८९०६२**

असुल गर्नुपर्ने	८९,०६२

५१.२ **बढी भुक्तानी**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिबाट अनुमोदन गराई पेस गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले सिल्ले पदमार्ग निर्माण उपभोक्ता समितिलाईRandom Rubble Dry stone Masonry Wall देहाय चेनेजमा Earth work in excavation भएको ठाउँमा समेत औसत चौडाई १.४ रहेकोमा यस योजनाको नापी ०+६३०-०+७२० गर्दा ७५ मिटर लम्बाईमा यस चेनेजको चौडाई १.२३ Earth work in excavation खनेकोमा चौडाई ०.५८ ७५ लम्बाई र १.३९ मिटर उचाई(७५*.५८*१.३९) भुक्तानी दिएकोमा औसतको आधारमा ०.१७ मिटर मात्र चौडाई दिनु पर्नेमा बढी (७५*.५८*१.३९) ६०.४६५ घनमिटर र ४+३००-४+४६००को चेनेज उल्लेख नगरी (१०*१*२) = २० घन मिटर भुक्तानी गरेकोमा औसत का दरले (१०*०.४*२) घन मिटर भुक्तानी गर्नु पर्नेमा १२ घन मिटर समेत ७२.४६५ घन मिटरको प्रति घन मिटर रु.५७६९।– का दरले रु.४१८०५०।– भुक्तानी गरेकोमा खन्ने कामको परिमाण ७२.४६५ घनमिटरको प्रति घनमिटर रु.५९३।– ले रु. ४२९७१।– बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु.

चेनेज	विवरण	लम्बाई	चौडाई	उचाई	घनमिटर
०+६३०-०+७२०	Random Rubble Dry stone Masonry Wall	७५	.७५	१.३९	७८.१९
४+३००-४+४६००		१०	१	२	२०
०+६३०-०+७२०	Earth work in excavation ०+६३०-०६६०	३०	१.२	०.९	१८
	०+६६०-०६९०	३०	१.५	१.५	२५.२
	०+६९०-०७२०	३०	१	०.६	३.०६

असुल गर्नुपर्ने	४२,९७१

५२ **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(३६५०१११६४)**

गाउँपालिका र टिनिसा निर्माण सेवाबिच मिति २०८२।१।२६ मा रु.७०६३१९४।- मा सम्झौता भई मिति २०८२।३।१६ मा सम्पन्न गर्ने कार्य अनुसार निर्माण कम्पनीलाई रु. ५४०४०००।– भुक्तानी भएकोमा देखिएकमा व्यहोरा निम्नानुसार रहेका छन् ।

५२.१ **रोयल्टी** - सिस्ने गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ४ को अनुसूची-४ को क्र.सं. ६ मा ढुंगा तथा गिट्टी बालुवा बिक्री प्रति क्यूव फिट रु.८।- कर लाग्ने व्यवस्था छ। गाउँपालिका सिल्ने पदमार्ग निर्माण उपभोक्ता समितिलाई वि.ओ.क्यूको क्र.सं. ४ मा Random rubble dry stone masonry ५९१.९४ घन मिटर काम भएकोमा उक्त १.१ का दरले ढुंगा ६५१.१३ को प्रति घन मिटर रु.२८२।– का दरले रु.१८३६१९।– र १३ प्रतिशत मूल्यअभिवृद्धि कर सहित असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	२,०७,४८९

५२.२ **बढी भुक्तानी**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिबाट अनुमोदन गराई पेस गर्नु पर्ने व्यवस्था छ। पालिकाले stone wall for retaining and Breast structureको काममा लागत अनुमान तयार गरी डिजाइन नक्सा निर्माण व्यवसायीलाई उपलब्ध गराएको र अन्य आइटममा सोलिङ्गको उचाई ०.१५ मिटर उल्लेख गरेकोमा भुक्तानी गर्दा उचाई ०.२ मिटर राखी ०.०५ मिटरको बढी राखी भुक्तानी दिएकोले (२५.९२ घन मिटर २५ प्रतिशत घन मिटरले ६.४८ घनमिटरको प्रति घनमिटर रु.२२००।– का दरले रु.१४२५६।– असुल गरी सञ्चित गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१४,२५६

५३ **चोक बजार पाखागाँउ हुदै सेराखेत ढल निकास**

पालिकाले चोक बजार पाखागाँउ हुदै सेराखेत ढल निकासको लागि रु. २ करोड ६२ लाख २९ हजारको को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. २ करोड ४२ लाख ७८ हजार कवोल गर्ने किशन-ममता-आर.आर. जे भी(प्यान नं ६२२२७३१९६) सङ्ग मिति २०८२।३।१६ मा निर्माण गर्ने गरी मिति २०८१।१०।१० सम्झौता गरी कार्यादेश दिई ३ वटा रनिङ्ग विल बाट रु. २ करोड ३७ लाख ९ हजार भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

५३.१ नन फाइलर-निर्माण व्यवसायी किशन-ममता-आर.आर. जे भी दर्ता भएको को मिति २०८१।१०।११ देखि हालसम्म नन फाइलर देखिएको हुदा कार्यालयले ३ वटा विलबाट मू अ कर बापत रु. २७ लाख १२ लाख भुक्तानी भएकोम उक्त मू अ करको करसमायोजन पत्र पेश गर्नुपर्दछ ।

५३.२ **बिमा जारी भएको मिति**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा माथिको खरिदमा बिमा गराउनु पर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले खरिद सम्झौता अनुसार साइट मोविलाईज गर्नुपूर्व नै बिमा गरेर उक्त बिमाको कागज

